# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ९ । अंक ३४ । २०७८ भाद्र ३१ । विशेषांक

# कर्मचारी सञ्चय कोष ६० औं वर्षमा प्रवेश




कोषले आफ्नो ६० औं वार्षिकोत्सव भर्चुअल रुपमा मनाउने भएको छ। कोभिड-१९ को जोखिम नटरिसकेको कारण पुल्चोकस्थित कोषको केन्द्रीय कार्यालयमा हुने मुख्य समारोहको प्रत्यक्ष प्रसारण विभिन्न डिजिटल प्लेटफर्ममार्फत गरिने छ । अर्थमन्त्री जनार्दन शर्माले भर्चुअल माध्यमबाट कार्यक्रम उद्घाटन तथा सम्बोधन गर्नुहुनेछ।

## सञ्चयकर्ताको सन्तुष्टि कोषको पहिलो लक्ष्यः अध्यक्ष कृष्णहरि पुष्कर



"सूचना प्रविधिको उपयोग तथा अन्य निकायहरुसँगको सहकार्यका माध्यमबाट कोषको सेवालाई अझ बढी प्रभावकारी, मितव्ययी र विश्वसनीय बनाउन थप प्रयास गरिने छ।"




## 'कोषको सेवामा विशिष्टीकरण हुनुपर्ने'



"कोषले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमबाट पाठ सिक्दै समान प्रकृतिका अन्तर्राष्ट्रिय संस्थाहरुले अवलम्बन गरेका असल अभ्यासहरुको अनुशरण गर्दै अघि बढ्नु पर्ने आवश्यकता रहेको छ।"

• अर्थमन्त्री जनार्दन शर्मा

## संक्षेपमा कोष

- सञ्चय कोष: रू. ३.९८ खर्ब
- निवृत्तभरण कोष: रू. १.५८ अर्ब
- जगेडा कोष र बचत: रू. ४०.१६ अर्ब
- दायित्वहरू: रू. ४.६७ अर्ब
- कूल स्रोत: रू. ४.४४ खर्ब
- कुल लगानी: रू. ४.३६ अर्ब

## संस्थागत क्षमता अभिवृद्धिमा जोड हुनेछः नि. प्रशासक जितेन्द्र धिताल



"वित्तीय स्रोतको सुरक्षित, प्रभावकारी, प्रतिफलयुक्त र दक्षतापूर्ण परिचालनका लागि उपयुक्त लगानीका क्षेत्र पहिचान गरी लगानी विविधीकरण गर्नु पर्ने आवश्यकता रहेका छ।"

## हार्दिक शुभकामना

*कर्मचारी सञ्चय कोष ६० औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता/योगदानकर्ता एवम् शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं।*

कर्मचारी सञ्चय कोष परिवार

# सम्पादकीय

सञ्चयकर्ताको सेवामा निरन्तर समर्पित कर्मचारी सञ्चय कोष आजदेखि ५९ वर्ष पूरा गरी ६० वर्षमा प्रवेश गरेको छ । सञ्चयकर्ताको बृहत्तर हित र सन्तुष्टिप्रति दृढ संकल्पित कोषले मुलुकको सामाजिक सुरक्षाको क्षेत्रमा ठूलो टेवा पुऱ्याइरहेको विषय जगजाहेर नै छ । सञ्चयकर्ताको मासिक रुपमा कट्टी हुने सञ्चित रकम सुरक्षित तवरले जम्मा गर्ने उद्देश्यले स्थापित कोषको भूमिका र कार्यक्षेत्रमा हाल आएर व्यापक परिवर्तन हुनुका साथै कोष प्रतिको अपेक्षामा पनि वृद्धि भएको छ । २०७६ श्रावण १ पछि स्थायी नियुक्ति हुने तीनवटै तहका सरकारी सेवाका राष्ट्र सेवक कर्मचारीका अतिरिक्त सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका तथा नेपाल सरकारको आर्थिक अनुदानमा सञ्चालन हुने सबै सार्वजनिक निकायका कर्मचारीको लागि योगदानमूलक निवृत्तभरण योजना सञ्चालन गर्ने जिम्मेवारी पाए पछि कोष अब सञ्चय कोष तथा निवृत्तभरण कोष व्यवस्थापन गर्ने निकायको रुपमा रुपान्तरित भएको छ । हाल कोषले झण्डै ६ लाख सञ्चयकर्ताको चार सय ४४ अर्ब कोषको सुरक्षित तथा प्रतिफलयुक्त क्षेत्रमा परिचालन गरिरहेको छ ।

कोषले सञ्चयकर्ताको आवश्यकतालाई दृष्टिगत गरी विभिन्न सेवा सुविधा प्रदान गर्ने गरेको छ । सेवाकालीन आवश्यकतालाई पूरा गर्नको लागि विभिन्न सापटी, तथा धितोमा आधारित कर्जा जस्ता सुविधा प्रदान गरिरहेको छ । सामाजिक सुरक्षाका विभिन्न कार्यक्रम र योजनाका साथ अघि बढिरहेको कोषले आफ्ना अधिकांश काम कारवाहीहरु प्रविधिमा आधारित बनाउँदै लगेको छ । सञ्चयकर्ता कर्मचारीको कोषकट्टी फाँटवारी अनलाईन प्रणाली (CGAS) मार्फत प्राप्त गर्ने व्यवस्था, अनलाइन विशेष सापटी प्रवाह तथा निषेधाज्ञाको समयमा वर्क फ्रम होम मार्फत विशेष सापटी प्रवाहको व्यवस्था, एनसिएचएलको कनेक्ट आइपिइस प्रणाली मार्फत विशेष सापटी सहित सम्पूर्ण सञ्चयकर्ता सापटी फिर्ता भुक्तानी गर्न सक्ने व्यवस्था, सञ्चयकर्तालाई विद्युतीय परिचयपत्र वितरणको शुरुआत आदि व्यवस्था मार्फत कोषले सेवा प्रवाहमा प्रविधिको प्रयोगलाई बढावा दिइरहेको छ । त्यसैगरी सामाजिक सुरक्षाका विभिन्न योजनाहरु मार्फत अग्रणी सामाजिक सुरक्षा प्रदायक संस्थाको भूमिका निर्वाह गरिरहेको छ ।

यसको अलावा मुलुकको पूर्वाधार विकासको राष्ट्रिय अभियानमा कोषले आफ्नो आर्थिक श्रोतको यथासम्भव परिचालन गर्दै आएको व्यहोरा सर्वविवदित नै छ । मुलुकलाई अन्धकारबाट मुक्त गरी उर्जाको क्षेत्रमा आत्मनिर्भर बनाउन विभिन्न जलविद्युत आयोजनाहरुमा लगानीका लागि आन्तरिक स्रोत परिचालन गर्न कोष सफल भएको छ । यसै क्रममा ९९.८ मेगावाट क्षमताको तामाकोशी पाँचौ जलविद्युत आयोजनामा ऋण लगानीको लागि कोष र प्राधिकरणबीच समझदारी सम्झौता सम्पन्न भएको छ तथा नयाँ ४ आयोजनामा लगानीको स्वीकृति र कोषको लगानीमा निर्माणाधीन अवस्थामा रहेका ४ वटा जलविद्युत आयोजनाहरुको निर्माण सम्पन्न गर्न थप दीर्घकालीन कर्जा प्रदान गर्ने निर्णय पनि कोषले गरेको छ । त्यसैगरी अन्य विभिन्न उत्पादनशील क्षेत्रहरुमा गरेका लगानी समेतबाट सञ्चयकर्तालाई उचित प्रतिफल प्रदान गर्दै त्यस्तो प्रतिफलको केही अंशबाट विभिन्न जगेडा कोषहरु सृजना गरी सञ्चयकर्ताकै हितमा आकर्षक एवम् दिगो र भरपर्दो सामाजिक सुरक्षण सुविधाहरुको निरन्तरताका लागि आवश्यक वित्तीय व्यवस्था गर्न कोष सफल भएको छ ।

अन्त्यमा, कोषको ६० औं वर्ष प्रवेशको यस पुनित अवसरमा कोष परिवारको उत्तरोत्तर प्रगतिका साथै कोषको श्रीवृद्धिका लागि शुभकामना दिनुहुने सम्पूर्ण शुभेच्छुक एवम् सरोकारवालाहरु, कोषका पूर्व कर्मचारी तथा यस क्रममा रचनात्मक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं । अन्त्यमा, कोषको करिब ६ दशक लामो यात्राका क्रममा हरदम साथ, सहयोग र समर्थन प्रदान गरिरहने नेपाल सरकार, समस्त सञ्चयकर्ता र शुभचिन्तकहरुप्रति कर्मचारी सञ्चय कोष सदा कृतज्ञ रहने प्रविद्धता जाहेर गर्दछौं ।

# कोषको ६० औं वार्षिकोत्सव भर्चुअल माध्यमबाट

कोषले आफ्नो ६० औं वार्षिकोत्सव गएको वर्ष झैं यो पटक पनि भर्चुअल रूपमा मनाउने भएको छ । कोभिड-१९ को जोखिम अझै नटरिसकेको कारण यस पटकको कार्यक्रम पनि भर्चुअल माध्यमबाटै गर्न लागिएको हो । हरेक वार्षिकोत्सव विभिन्न कार्यक्रम र हर्षोल्लासका साथ गर्ने गरिएकोमा लगातार दुई वर्ष वैकल्पिक माध्यमबाट गर्नु पर्ने अवस्था सिर्जना भएको हो ।

कर्मचारी सञ्चय कोष ६ दशक लामो विभिन्न आरोह अवरोह पार गर्दै आजको अवस्थामा आइपुगेको हो । करिब ६ लाख सञ्चयकर्ताको ४ खर्ब ४४ अर्ब भन्दा बढी सञ्चय कोष र निवृत्तभरण कोषमार्फत संकलित वित्तीय स्रोतको परिचालन गरी मुलुकको अग्रणी र ठूलो वित्तीय एवम् सामाजिक सुरक्षा संस्थाको हैसियत कायम गर्न कोष सफल भएको छ । आफ्नो स्थापना कालदेखि सञ्चय कोष योगदानको मात्र व्यवस्थापन गर्दै आएको कोषले निवृत्तभरण कोष ऐन, २०७५ जारी भएपछि योगदानमा आधारित निवृत्तभरण कोषको व्यवस्थापन गर्ने जिम्मेवारी समेत प्राप्त गरेको छ ।

नेपाल सरकारको विभिन्न सेवाका कर्मचारी लगायत संगठित संस्था एवम् निजी क्षेत्रका कर्मचारी तथा कामदारहरूको सञ्चय कोष व्यवस्थापन गर्ने उद्देश्यबाट कर्मचारी सञ्चय कोष ऐन, २०१९ अनुरूप कर्मचारी सञ्चय कोषको स्थापना वि.सं. २०१९ भाद्र ३१ गते भएको थियो ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ मा भएको नवौं संशोधनले नेपाल सरकार र संगठित संस्थाका कर्मचारी, अन्य कर्मचारी र स्वरोजगारमा संलग्न व्यक्तिहरूको निमित्त समेत सञ्चय कोष, निवृत्तभरण कोष लगायत अन्य सामाजिक सुरक्षा कोषहरू सञ्चालन गर्न सक्ने गरी कोषको कार्यक्षेत्र र दायरा विस्तार भएको छ । निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम योगदानमा आधारित निवृत्तभरण कोष सञ्चालनको अधिकार समेत कोषलाई प्रदान गरिएको छ ।

कोषको ऐतिहासिक पृष्ठभूमिको कुरा गर्दा सैनिकहरूको सेवा निवृत्त जीवनमा आर्थिक राहत पुऱ्याउने उद्देश्यले वि.सं. १९९१ मा सैनिक द्रव्य कोष स्थापना भएको थियो । यस व्यवस्थालाई विस्तार गरी निजामती कर्मचारीका निमित्त वि.सं. २००१ मा निजामती प्रोभिडेन्ट फण्डको व्यवस्था गरियो । सञ्चय कोष सम्बन्धी भएका यी दुवै व्यवस्थालाई एकीकृत गरी वि.सं.२०१७ सालमा अर्थ मन्त्रालय




अन्तर्गत कर्मचारी सञ्चय कोष विभागको स्थापना गरियो । देशमा सञ्चय कोषको व्यवस्थापनलाई अझ प्रभावकारी बनाउने उद्देश्यले वि.सं. २०१९ भाद्र ३१ गते निजामती कर्मचारी, नेपाली सेना र नेपाल प्रहरीका कर्मचारी समेतका लागि कर्मचारी सञ्चय कोष ऐन, २०१९ जारी गरी एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्थाको रूपमा वर्तमान कर्मचारी सञ्चय कोषको स्थापना भएको हो ।

नेपाली सेना, नेपाल प्रहरी र निजामती कर्मचारीको सञ्चय कोष व्यवस्थापन गर्दै आएको कोषले २०३६ सालदेखि शिक्षकहरूको र २०४८ सालदेखि निजी क्षेत्रका संगठित संघ संस्थामा कार्यरत कर्मचारी तथा कामदारहरूलाई आफ्नो दायरामा समाहित गरेको छ । स्थापना कालमा करिब २७ हजार सञ्चयकर्ताको करिब रू.३७ लाखको व्यवस्थापन गर्ने जिम्मेवारी पाएको कोषले २०७८ असारसम्ममा करिब रू. ५ लाख ९८ हजार सञ्चयकर्ताको रू. ३९८ अर्ब सञ्चय कोष र १५८ अर्ब निवृत्तभरण कोष समेत गरी कुल रू. ४४४ अर्ब स्रोतको व्यवस्थापन गर्दै आएको छ । योगदानमा आधारित निवृत्तभरण योजनामा २०७८ आषाढ मसान्तसम्म कुल ९६४ कार्यालयहरूका २४,१०० योगदानकर्ताको १.५८ अर्ब निवृत्तभरण कोष रकम कोषमा सञ्चित भएको छ । त्यसैले दीर्घकालीन स्रोत परिचालनको दृष्टिकोणवाट कोष मुलुकको बृहद् वित्तीय संस्थाको रूपमा स्थापित भई सकेको छ ।

ललितपुर जिल्ला, ललितपुर महानगरपालिकाको पुल्चोकमा केन्द्रीय कार्यालय रहेको कोषले ७ वटै प्रदेशका विभिन्न ८ स्थानमा शाखा कार्यालय तथा ३ स्थानमा सेवा केन्द्रहरू सञ्चालन गरी सबै क्षेत्रका सञ्चयकर्तालाई सेवा प्रवाह गर्दै आएको छ ।



सुन्धारास्थित कोषको ऐतिहासिक भवन

# कोषको सेवामा विशिष्टीकरण हुनुपर्छः अर्थमन्त्री शर्मा

माननीय अर्थमन्त्री जनार्दन शर्माले कर्मचारी सञ्चय कोष ६० औं वर्षमा प्रवेश गरेको अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा कोष परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दै कोषको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनु भएको छ ।

वित्तीय स्रोतमा भएको वृद्धि, कारोबारको प्रकृतिमा भएको विविधता, प्रविधिप्रतिको बढ्दो निर्भरतासँगै वित्तीय प्रणालीमा जोखिमहरू पनि बढिरहेको कुरा औंल्याउदै वित्तीय प्रणालीको प्रमुख सदस्यको हैसियतले कर्मचारी सञ्चय कोष पनि त्यसबाट स्वभाविक रूपले प्रभावित हुने कुरा बताउनु भयो । उहाँको थप कथन थियो, "वित्तीय स्रोतको व्यवस्थापन र सञ्चयकर्ता सेवाको दृष्टिकोणबाट कोषका गतिविधि सन्तोषजनक रूपमै अघि बढिरहेका छन् । तथापि, संस्थागत सुशासन तथा जोखिम व्यवस्थापनको क्षेत्रमा कोषले थप सुधार गर्नु पर्ने देखिएको छ ।"



कोषका गतिविधिको नियमनका लागि अलग्गै र प्रभावकारी नियामकको व्यवस्था भइनसकेको वर्तमान परिप्रेक्ष्यमा कोषको सञ्चालक समिति र व्यवस्थापनले स्व-नियमनकारी भूमिका समेत निर्वाह गर्नु पर्ने कुरा उहाँले बताउनु भयो । यसको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाक्रमबाट पाठ सिक्दै समान प्रकृतिका अन्तर्राष्ट्रिय संस्थाहरूले अवलम्बन गरेका असल अभ्यासहरूको अनुशरण गर्दै अघि बढ्नु पर्ने आवश्यकता रहेको छ कुरा पनि उहाँले बताउनुभयो ।

शुभकामना सन्देशमार्फत नयाँ नियुक्त हुने सरकारी कर्मचारीहरूको लागि लागू गरिएको योगदानमा आधारित निवृत्तभरण प्रणालीको व्यवस्थापनको जिम्मेवारी हाललाई कर्मचारी सञ्चय कोषलाई प्रदान गरिसकिएको तथा निजी क्षेत्रका रोजगारहरूको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषको व्यवस्था भई सकेको परिप्रेक्ष्यमा सम्बन्धित ऐन, नीति नियममार्फत कोष लगायत अन्य सामाजिक सुरक्षा प्रदान गर्ने संस्थाहरूको कार्यक्षेत्र र गन्तव्य स्पष्ट पार्नु पर्ने आवश्यकता रहेको कुरा पनि उहाँले बताउनु भयो । कोषले आफूलाई प्राप्त जिम्मेवारीमा केन्द्रित भई सेवामा विशिष्टीकरण गर्नु उपयुक्त हुने कुरामा उहाँको जोड थियो ।

माननीय अर्थमन्त्री शर्माले कोषको ६०औं वार्षिकोत्सवले कोष परिवारमा थप उर्जा प्राप्त हुने र सो उर्जा संस्थागत सुदृढीकरण र सञ्चयकर्ता सेवामा उपयोग भई कोषको सेवा थप प्रभावकारी र परिणाममुखी हुने विश्वास लिनु भयो ।

# सञ्चालक समिति अध्यक्षमा कृष्णहरि पुष्कर



कोषको सञ्चालक समितिको अध्यक्षमा राजस्व सचिव कृष्णहरि पुष्कर नियुक्त हुनु भएको छ । उहाँले यही भाद्र २१ गते अर्थमन्त्री जनार्दन शर्माबाट पद तथा गोपनियताको सपथ लिनुभएको हो । भाद्र १९ गतेको मन्त्रिपरिषद् बैठकले राजश्व सचिव पुष्करलाई समितिको अध्यक्षमा नियुक्त गरेको हो। अध्यक्ष पुष्करसँग वैदेशिक रोजगार विभाग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायत नेपाल सरकारका विभिन्न मन्त्रालयमा काम गरेको अनुभव छ । कर्मचारी सञ्यकोष ऐन, २०१९ को दफा ४ को उपदफा (१) को (क) मा सञ्चालक समितिको अध्यक्ष नेपाल सरकारबाट नियुक्त हुने व्यवस्था रहेको छ ।

# कोषको निमित्त प्रशासकमा जितेन्द्र धिताल



मिति २०७८ भाद्र ११ गते देखि कोषका का.मु. सह-प्रशासक जितेन्द्र धितालले निमित्त प्रशासकको जिम्मेवारी सम्हाल्नुभएको छ । नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाको पत्रबाट कोषका का.मु सह-प्रशासक धिताललाई नेपाल सरकार (माननीय अर्थमन्त्रीस्तर) को मिति २०७८ भाद्र १० को निर्णयानुसार अर्को व्यवस्था नभएसम्मका लागि कर्मचारी सञ्चय कोषमा रिक्त रहेको प्रशासक पदमा निमित्त प्रशासक भई कोषको नियमानुसार दैनिक कार्य सञ्चालन गर्न तोकिएको छ ।

## सह-प्रशासकमा कट्वाल



कोषको सह-प्रशासकमा जीवन कुमार कट्वाल नियुक्त हुनु भएको छ । कोषको मिति २०७७ चैत्र ३ को निर्णयानुसार मिति २०७७ चैत्र ४ गतेदेखि लागू हुने गरी उहाँलाई तह ११, का.मु. सह-प्रशासक (मुख्य अधिकृत) पदमा कायम मुकायम मुकरर गरी कार्य सञ्चालन तर्फको जिम्मेवारी प्रदान गरिएको हो ।

## घरजग्गा व्यवस्थापन कम्पनीमा श्रेष्ठ



कोषका का.मु. सहप्रशासक ओमकृष्ण श्रेष्ठले सञ्चय कोष घरजग्गा व्यवस्थापन कम्पनीको प्रबन्ध सञ्चालकको जिम्मेवारी सम्हाल्नु भएको छ । कोषको निर्णयानुसार २०७७ चैत्र ३ गतेदेखि उहाँले सो जिम्मेवारी ग्रहण गर्नु भएको हो ।

## सामूहिकता र सहभागितामा जोड



कोषका निमित्त प्रशासक जितेन्द्र धितालले संगठनको सफलताका लागि सामूहिकता र सहभागितामा जोड दिनुपर्ने बताउनुभएको छ । स्वागत तथा शुभकामना कार्यक्रममा बोल्दै उहाँले सफलताका लागि टिम वर्कको आवश्यकता पर्ने र संस्थामा सबैको अपनत्व हुनु पर्ने उल्लेख गर्नुभयो । कोषलाई डाइनामिक संस्थाको रूपमा स्थापित गराउनका लागि एकल नेतृत्वले मात्र सम्भव नहुने भन्दै यसमा सामुहिकता र सहभागिता अपरिहार्य शर्त भएको उहाँको भनाई रहेको थियो ।
कुनै पनि जीवन्त संस्थामा समस्या आउने र त्यसको सामाधानका बाटाहरु पनि पत्ता लगाउन सकिने बताउँदै कोषलाई सही दिशामा जान कसैले नरोक्ने जानकारी दिनु भयो । "संस्थालाई अगि बढाउन साधन, मानव स्रोत,प्रविधिको व्यापकता र त्यसले दिने आउटपुटका रूपमा सन्तुष्ट सञ्चयकर्ता हुनु पर्दछ ।" उहाँले बताउनु भयो ।सबैको ध्यान संस्थाको गरिमा उच्च राख्ने तर्फ केन्द्रित हुनु पर्नेमा उहाँको जोड थियो ।

# सञ्चयकर्ताको सन्तुष्टि नै कोषको प्रमुख लक्ष्यः अध्यक्ष कृष्णहरि पुष्कर



कर्मचारी सञ्चय कोषको ६०औं वार्षिकोत्सवको अवसरमा कोषको सञ्चालक समितिका अध्यक्ष कृष्णहरि पुष्करले कोषमा आवद्ध सम्पूर्ण सञ्चयकर्ता, सञ्चय कोष तथा निवृत्तभरण कोषकट्टी गर्ने कार्यालय, कोषका वर्तमान तथा पूर्व कर्मचारी एवम् पदाधिकारीहरू लगायत सबै सरोकारवालाहरू प्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भएको छ । सो अवसरमा उहाँले सञ्चयकर्ताको सन्तुष्टि नै कोषको प्रमुख लक्ष्य भएको बताउँदै "कोषका समग्र गतिविधि एवम् नीति तथा कार्यक्रमहरू यसै लक्ष्यबाट निर्देशित हुनुपर्दछ" भन्नुभयो । सञ्चयकर्ताको विश्वास कायम राख्न सेवाप्रवाहमा समसामयिक सुधार गरी चुस्त र प्रभावकारी बनाउदै वित्तीय स्रोतको समूचित परिचालन गरी प्राप्त प्रतिफलको समन्यायिक वितरण गर्नु पर्दछ भन्ने कुरामा उहाँको जोड थियो ।

सञ्चयकर्ता सेवाप्रवाहमा सुधारका लागि कोषले विगतमा गरेका प्रयासहरू सह्रानीय नै रहेको आफूले पाएको र सूचना प्रविधिको गुणात्मक उपयोग तथा अन्य निकायहरूसँगको सहकार्य र साझेदारीका माध्यमबाट कोषको सेवालाई अझ बढी प्रभावकारी, मितव्ययी र विश्वसनीय बनाउन थप प्रयास गर्नु पर्ने आवश्यकता रहेको जानकारी गराउनु भयो ।

अन्तर्राष्ट्रिय असल अभ्यासको अवलम्बन गर्दै विकास र समृद्धिसम्बन्धी सरकारका योजना, कार्यक्रम तथा प्रतिवद्धता पूरा गर्न कोषको दीर्घकालीन पूँजीलाई सञ्चयकर्ताको हित सुनिश्चित हुने गरी राष्ट्र निर्माणका क्षेत्रमा परिचालन गर्न कोष थप कृयाशील हुनु पर्ने कुरा उहाँले बताउनु भयो ।

अध्यक्ष पुष्करले कोष व्यवस्थापनको सक्रियता, सञ्चालक समितिको गतिशील नेतृत्व एवम् सरोकारवालाहरूको सहयोग र सद्भावबाट सबै प्रकारका चुनौतीहरूलाई सम्बोधन गरी कोषलाई थप सुदृढ र विश्वसनीय संस्थाको रूपमा विकास गर्न सकिने विश्वास व्यक्त गर्नु भयो ।

## निबन्ध लेखन प्रतियोगिता आयोजना

कोषको ६० औं वार्षिकोत्सवको उपलक्ष्यमा निबन्ध लेखन प्रतियोगिता आयोजना गरियो । निबन्धका शीर्षक 'सञ्चय कोषको विगत, वर्तमान र गन्तव्य' रहेको थियो । प्रतियोगितामा कोषका विभिन्न विभाग तथा शाखाहरूमा कार्यरत कर्मचारीले भाग लिनु भएको थियो । सहभागी प्रतियोगी मध्ये प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्नुहुने निवन्धकारलाई पुरस्कृत गरिने जनाइएको छ ।

# संस्थागत क्षमता अभिवृद्धिमा जोड दिइनेछः निमित्त प्रशासक जितेन्द्र धिताल




कोष ६० औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा कोषका निमित्त प्रशासक जितेन्द्र धितालले सम्पूर्ण सञ्चयकर्ता तथा कोष परिवारप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भएको छ । सोही अवसरमा उहाँले सञ्चयकर्ताको योगदान रकमको कुशल व्यवस्थापन तथा परिचालन, प्राप्त प्रतिफलको न्यायोचित वितरण र सेवा प्रवाहमा गुणात्मक सुधार गर्दै सञ्चयकर्ताको हित र सन्तुष्टिप्रति कोषका क्रियाकलापहरू सदैव परिलक्षित रहने प्रतिवद्धता जाहेर गर्नु भएको छ ।

उहाँले कोषलाई मुलुकको एक सुदृढ, सफल र विश्वसनीय संस्थाको रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण अग्रजहरूको योगदानको स्मरण गर्दै उहाँहरूप्रति कृतज्ञता सहित उच्च सम्मान व्यक्त गर्नुभएको छ ।

उक्त कार्यक्रममा वित्तीय स्रोतको सुरक्षित, प्रभावकारी, प्रतिफलयुक्त र दक्षतापूर्ण परिचालनका लागि उपयुक्त लगानीका क्षेत्र पहिचान गरी लगानी विविधीकरण गर्नु पर्ने आवश्यकता रहेको कुरा उहाँले बताउनु भयो । सूचना प्रविधिको अधिकतम उपयोग, असल कार्य संस्कृतिको विकास, कार्य सम्पादन सुधार एवम् अन्य निकायहरूसँगको सहकार्यको माध्यमबाट कोषको संस्थागत क्षमता अभिवृद्धि गर्ने कुरामा उहाँले विश्वास लिनु भयो । कोषको आन्तरिक व्यवस्थापनलाई चुस्त तथा नियन्त्रण प्रणालीलाई अझ सबल र सुदृढ बनाई वित्तीय कारोबारलाई थप विश्वसनीय तथा गुणस्तरीय बनाउदै संस्थागत सुशासनलाई मजबुत बनाउनेतर्फ कोषका आगामी सम्पूर्ण गतिविधिहरू निर्देशित हुनु पर्ने कुरामा उहाँको जोड थियो ।


# मुनाफा रकम वितरण




कोषले मुनाफा रकम वितरण गरेको छ। सञ्चयकर्तालाई आर्थिक वर्ष २०७५/७६ को शुरु सञ्चय कोष मौज्दातमा १.०० प्रतिशत रकम मुनाफाको रूपमा वितरण गरी उक्त मुनाफा रकमलाई आर्थिक वर्ष २०७६/७७ को शुरु सञ्चय कोष कट्टी रकमको ०.६० प्रतिशत सञ्चयकर्ताको व्यक्तिगत खातामा जम्मा गर्ने र ०.४० प्रतिशत सञ्चयकर्ताको नाममा वेतन कर्णाली सञ्चयकर्ता हाईड्रो पावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयकर्ता शेयर लगानी कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ ।

# कोषको ब्याजदरमा परिवर्तन

कोषले आर्थिक वर्ष २०७८/७९ को लागि लिने र प्रदान गर्ने ब्याजदरमा पुनरावलोकन गरेको छ । अब सञ्चय कोष तथा निवृत्तभरण कोषमा जम्मा भएको रकममा दिईने ब्याज ६.५० प्रतिशत रहेको छ । त्यसैगरी विशेष सापटीमा ७.६० घर सापटी, शैक्षिक सापटी,घर मर्मत सापटीमा ७.९० र सरल चक्र कर्जामा ८.०० प्रतिशत ब्याजदर निर्धारण गरिएको छ । ब्याजदर २०७८ श्रावण १ गते देखि लागू हुनेछ ।




## ऋणको ब्याजमा १५ प्रतिशत छुट

आ.व. २०७७/७८ मा १५ हजार ९ सय ३ जना सञ्चयकर्ताले कर्जाको ब्याजमा १५ प्रतिशत छुट पाएका छन् । कोषले सञ्चयकर्तालाई २०७८ वैशाखदेखि असार मसान्तसम्मको धितोमा अधारित ऋणको ब्याजमा प्रदान गरेको छुट १३ करोड ७० लाख रहेको छ । कोषले सञ्चयकर्तालाई प्रदान गरिएको घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी र सरलचक्र कर्जाको ब्याज तिर्ने समय बढाउनुका साथै ब्याजमा तोकिएको छुट दिने घोषणा गरेको थियो ।

सञ्चयकर्तालाई कोभिड-१९ को संक्रमणबाट परेको नकारात्मक प्रभावलाई सम्बोधन गर्ने क्रममा कर्जाको ब्याजमा केही सहुलियत दिने र तिर्ने अवधि समेत बढाउने उद्देश्यले उक्त अवधिको ब्याजमा छुट दिएको थियो । जसअनुसार सञ्चयकर्तालाई प्रदान गरिएको घर सापटी, घर मर्मत कर्जा, शैक्षिक कर्जा, र सरलचक्र कर्जाको आर्थिक वर्ष २०७७/७८ सम्म पाकेको ब्याज २०७८ श्रावण महिनाभित्र चुक्ता गरेमा चालु आर्थिक वर्षको चौथो त्रैमासिक (२०७८ वैशाख, जेष्ठ र असार) को पाकेको ब्याजमा १५ प्रतिशत छुट दिइएको हो ।

# सवा ५ लाख सञ्चयकर्ताको केवाइसी अद्यावधिक

कोषले अभियान कै रूपमा सञ्चालन गरेको व्यक्तिगत खाता अद्यावधिक (केवाइसी) गर्ने सञ्चयकर्ताको संख्या ५ लाख २२ हजार नाघेको छ । त्यसैगरी कुल अफिस केवाइसीको संख्या ६ हजार ६ सय ८८ पुगेको छ ।

कोषले प्रदान गर्ने सबै सुविधाको उपभोगको लागि केवाइसी अनिवार्य गरेसँगै केवाइसी अद्यावधिक गर्ने सञ्चयकर्ताको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको हो । सरकारद्वारा प्रयोगमा ल्याइएको 'नागरिक एप'मा समेत कोषमा जम्मा भएको रकम र तिर्नु पर्ने ऋण हेर्नको लागि पनि केवाइसी नम्बर अनिवार्य गरिएको छ ।

केवाइसी अद्यावधिक कार्यले खासगरी कोरोना संक्रमणको समयमा कोषबाट प्रदान गरिने सापटी लगायत सामाजिक सुरक्षा भुक्तानीहरु अनलाइनबाट प्राप्त गर्नका लागि ठूलो योगदान पुगेको छ ।



## सञ्चालकमा मैनाली नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा अर्थमन्त्रालयका सहसचिव दीर्घराज मैनाली नियुक्त हुनु भएको छ । नेपाल सरकार माननीय अर्थमन्त्रीस्तरको मिति २०७७ चैत्र १६ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व हुने गरी मैनालीलाई सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको हो ।

## सञ्चालकमा शाही नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा प्रहरी अतिरिक्त महानिरीक्षक निरज बहादुर शाही नियुक्त हुनु भएको छ । नेपाल सरकार (माननीय अर्थमन्त्रीस्तरको) मिति २०७७ मंसिर २५ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिम नेपाल प्रहरीको तर्फबाट शाहीलाई कोषको सञ्चालक समितिको सदस्य पदमा मनोनयन गरिएको हो ।

## सञ्चालकमा भण्डारी नियुक्त



कोषको सञ्चालक समितिको सदस्यमा सहायक रथी गणेश सिंह भण्डारी नियुक्त हुनु भएको छ । नेपाल सरकार माननीय अर्थमन्त्रीस्तरको मिति २०७७ मंसिर २३ गतेको निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४ को उपदफा (२) को (ख) बमोजिम नेपाली सेनाको तर्फबाट प्रतिनिधित्व हुने गरी सहायक रथी गणेश सिंह भण्डारीलाई सञ्चालक समितिको सदस्यमा मनोनय गरिएको हो ।

# निवृत्तभरणमा २५ हजार कर्मचारी आबद्ध


कोषले कार्यान्वयन गरेको योगदानमा आधारित निवृत्तभरण योजनामा हालसम्म ९५० वटा कार्यालयबाट करिब २५ हजार योगदानकर्ता आबद्ध भएका छन् । योगदानकर्ताबाट रू.१ अर्ब ५८ करोड कुल निवृत्तभरण कोष रकम कोषमा सञ्चित भएको छ । संकलित रकम मध्ये ८० प्रतिशत नेपाली सेना, १९ प्रतिशत निजामती सेवाको छ भने १ प्रतिशत अन्य क्षेत्रको रहेको छ । लैङ्गिक हिसाबले हेर्दा पुरूष योगदानकर्ता ८३ प्रतिशत छन् भने महिला योगदानकर्ता १७ प्रतिशत रहेका छन् ।

२०७६ श्रावण १ पछि स्थायी नियुक्ति हुने सरकारी कर्मचारीहरूको लागि निवृत्तभरण ऐन, २०७५ बमोजिम योगदानमूलक निवृत्तभरण योजना लागू भएको हो । यस योजनालाई व्यवस्थित गर्न निवृत्तभरण कोष ऐन, २०७५, निवृत्तभरण कोष नियमावली, २०७६ र निवृत्तभरण कोष सञ्चालन निर्देशिका, २०७७ कार्यान्वयनमा आएको छ भने सोही ऐन, नियम तथा निर्देशिकामा भएको व्यवस्था अनुरूप योजनाको योगदान रकमको लेखाङ्कन कोषले अनलाईन प्रणालीबाट गर्दै आएको छ ।




त्यसैगरी नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका वा नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने संस्थामा कार्यरत कर्मचारीका लागि हुने गरी कोषले 'सार्वजनिक निकायका कर्मचारीको निवृत्तभरण तथा उपदान कोष सञ्चालन निर्देशिका, २०७७' कार्यान्वयनमा ल्याएको छ । हालसम्म २ संस्था निक्षेप तथा कर्जा सुरक्षण कोष र वेतन कर्णाली हाइड्रोपावर कम्पनी लिमिटेड उपदान योजना अन्तर्गत रहने गरी कोषमा आवद्ध भईसकेका छन् ।

# सामाजिक सुरक्षा स्वरुप ३२ करोड बढी सहयोग



कोषले आर्थिक वर्ष २०७७/७८ मा सञ्चयकर्तालाई सामाजिक सुरक्षा शीर्षकमा ३२ करोड बढी रकम प्रदान गरेको छ । कोषका विभिन्न सामाजिक सुरक्षाका कार्यक्रम अन्तर्गत १९ हजार ७ सय ४६ सञ्चयकर्ता लाभान्वित भएका छन् । सञ्चयकर्ता स्वास्थोपचार योजना अन्तर्गत १ हजार ६ सय ३३ जना सञ्चयकर्ताको लागि करिब १४ करोड, सुत्केरी तथा शिशु स्याहार सुविधा अन्तर्गत १७ हजार ६० जना सञ्चयकर्तालाई १२ करोड ८० लाख बढी रकम, त्यसैगरी दुघर्टना क्षतिपूर्ति अन्तर्गत ९५ जना सञ्चयकर्ता वा निजको हकवालालाई १ करोड ८८ लाख र काजकिरिया खर्चवापत ९ सय ५८ जना सञ्चयकर्ताका हकवालालाई अनुदान रकम प्रदान गरिएको छ ।



## कर्जा विभाग स्थानान्तरण

कोषको ठमेलस्थित सञ्चयकर्ता कर्जा विभागलाई लगनखेल, ललितपुरस्थित पाटन अस्पतालसँगैको सञ्चय कोष भवनको तेस्रो तल्लामा स्थानान्तरण गरिएको छ । २०७८ श्रावण १० गतेदेखि यस विभागबाट प्रवाह हुने धितोमा आधारित घर सापटी, शैक्षिक सापटी, सरल चक्र कर्जा जस्ता कार्यक्रमहरू त्यहीँबाट सम्पादन गर्न थालिएको छ ।



## १४३ कर्मचारी कोरोना संक्रमणमुक्त

हालसम्म कोषका १ सय ४३ जना कर्मचारी कोरोना सङ्क्रमित भई सङ्क्रमणमुक्त हुनु भएको छ । कोषका विभिन्न विभाग, शाखा कार्यालय र सेवाकेन्द्रमा सेवा प्रवाहमा खटिएका कर्मचारी त्यसरी सङ्क्रमित हुनु भएको हो । सङ्क्रमित कर्मचारी मध्ये ८१ जनाले बिमा वापतको रकम दावी गरी प्राप्त गरिसक्नु भएको छ ।



# अत्याधुनिक डाटा सेन्टर सञ्चालनमा



कोषले पुल्चोकस्थित कोषको केन्द्रीय कार्यालयमा व्यवस्थित डाटा सेन्टरको स्थापना गरेको छ। पहिलेदेखि चलिरहेको डाटा सेन्टर परम्परागत भएकोले त्यसलाई प्रतिस्थापन गरी आधुनिक डाटा सेन्टरको स्थापना गरिएको हो ।

निरन्तर पावरको लागि आवश्यक कुलिङ्, मुसाबाट बचावट तथा पानी नचुहिने एवं पावर कुलिङ्को व्यवस्था जस्ता सुविधा पुरानो डाटा सेन्टरमा नभएकोले अहिले स्थापित डाटा सेन्टरले ती समस्या समाधान गर्ने विश्वास लिइएको छ ।

अत्याधुनिक डाटा सेन्टरमा मिट-मि-रूम, इलेक्ट्रिकल रूम, सर्भर इनफ्रास्ट्रक्चर रूम, इन्टिग्रेटेड मडुलर डाटा सेन्टर, बस बार ट्रङ्किङ्ग फर पावर डिष्ट्रिब्युसन, इन्टेलिजेन्ट कन्ट्रोल एण्ड मोनिटरिङ्, नेटवर्क अपरेसन कन्ट्रोल, जेनेरेटर रूमको व्यवस्था गरिएको छ ।

फायर सप्रेशन युनिट, ड्याम्प डिटेक्सन र रोडेन्ट रिप्लेन्ट, ह्युमिडिटी कन्ट्रोल जस्ता सुविधा डाटा सेन्टरमा विद्यमान रहेका छन्। आवश्यक संख्यामा न्याक थप्न निकाल्न पाइने व्यवस्था समेत रहेको छ। यससँगै पावरका लागि २ वटा यूपियसको व्यवस्थाले सो डाटा सेन्टरलाई अत्याधुनिक बनाइदिएको छ ।

# केवाइसी सम्बन्धी कार्यक्रम सम्पन्न



कोषले २०७८ भाद्र २५ गते केवाइसि अद्यावधिक सम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ। कोषले सञ्चयकर्तालाई प्रदान गर्ने सेवा सुविधालाई सरल, सहज र प्रभावकारी तुल्याउनको लागि व्यक्तिगत केवाइसी र अफिस केवाइसी अद्यावधिक गर्ने कार्य गरिरहेको छ । यस क्रममा करिब ८१ प्रतिशत सञ्चयकर्ताको व्यक्तिगत खाता अद्यावधिक भैसकेको छ । केही सञ्चयकर्ता कर्मचारीको व्यक्तिगत केवाइसी विवरण अद्यावधिक गर्न बाँकी रहेको र कार्यालय केवाइसी पनि बाँकी देखिएको हुदा बाँकी केवाइसी अद्यावधिक गर्ने, केवाइसी विवरण भर्दा ध्यान दिनुपर्ने कुराहरू र प्रमाणित विवरण संशोधन तथा अद्यावधिक गर्न कार्यालयले प्रमाणित गर्दा ध्यान दिनुपर्ने विषयमा मातहतका सबै निकायमा सूचना प्रवाह गरी केवाइसी अद्यावधिक गर्ने कार्यलाई थप व्यवस्थित र विश्वासनीय बनाउने विषयमा ४ वटै सुरक्षा निकायका प्रतिनिधिहरूवीच छलफल तथा अन्तक्रिया कार्य सम्पन्न भयो। उक्त कार्यक्रममा सुरक्षा निकायका उच्च पदस्थ व्यक्तित्वको प्रतिनिधित्व थियो ।

कोषको तर्फबाट सञ्चयकर्ता सेवा विभागका विभागीय प्रमुख दामोदर प्रसाद सुवेदी, सेवा प्रवर्द्धन महाशाखा प्रमुख दिलीपराज पौडेल र प्रबन्धक कृष्ण प्रसाद शर्मा मरासिनीले विषयवस्तुको बारेमा जानकारी गराउनु भएको थियो ।

# २८१ जना कर्मचारीलाई तालिम



कोषले आर्थिक वर्ष २०७७/२०७८ मा २८१ जना कर्मचारीलाई तालिम प्रदान गरेको छ। २७४ जना कर्मचारी स्वदेशी तथा ७ जना कर्मचारीलाई वैदेशिक तालिम प्रदान गरिएको हो । कोभिड-१९ को कारण स्वदेशमा प्रदान गरिएका अधिकांश तालिम भने भर्चुअल माध्यमबाट प्रदान गरिएको थियो ।

# सम्पूर्ण कारोबार विद्युतीय प्रणालीमार्फत गर्न कोषको जोड






कोषले आफूले प्रदान गर्ने सेवा सुविधालाई सरल, सहज, प्रभावकारी र मितव्ययी तवरबाट प्रवाह गर्नका लागि विभिन्न प्रयासहरु गरेको छ । खास गरी अहिले कोभिड-१९ को कारण सिर्जित अप्ठारो अवस्थामा पनि सेवा प्रवाहलाई अविच्छिन्न रूपमा सञ्चालन गर्नका लागि विभिन्न निकायहरूसँग गरिएको सहकार्य र समझदारीले ठूलो सहयोग पुर्‍याएको छ । सेवा प्रवाह प्रभावकारी बनाउन विभिन्न संघसंस्था र निकायहरूसँग गरिएको सहकार्यको विवरण यस प्रकार छः

- **महालेखा नियन्त्रकको कार्यालयः**

  कोष र म.ले.नि.का. बीच भएको समझदारी सम्झौता अनुरूप सरकारी खाताबाट सिधैं कोषको बैंक खातामा इलेक्ट्रोनिक फण्ड ट्रान्सफर (EFT) मार्फत सञ्चय कोष रकम रकमान्तर र एकीकृत सरकारी लेखा प्रणाली (CGAS) प्रणाली मार्फत सञ्चयकर्ताहरूको फाँटवारी प्राप्त गर्न शुरू भएको छ ।

- **निजामती किताबखानाः**

  नेपाल सरकारको निजामती सेवामा कार्यरत कर्मचारीहरूको विवरण आदन प्रदान गर्ने र कर्मचारीलाई सञ्चय कोष परिचय पत्र उपलब्ध गराउने कार्यमा सहकार्य गरिएको छ ।

- **नेपाल क्लियरिङ्ग हाउस लि. (एनसिएचएल)**

  सञ्चयकर्तालाई सञ्चय कोष भुक्तानी, सञ्चयकर्ता सापटी, सामाजिक सुरक्षा सुविधा सञ्चयकर्ताको बैंक खातामा भुक्तानी गर्न तथा एनसिएचएलको www.connectips.com वा कनेक्ट आइपिएस एप मार्फत सापटी फिर्ता भुक्तानी गर्न सम्बन्धमा सम्झौता भई सहकार्य गरिएको छ ।

- **नेपाल टेलिकम र एनसेल :**

  सञ्चयकर्ताका कारोबारहरूलाई समयमै एस.एम.एस मार्फत जानकारी गराउने उद्देश्यले सम्झौता गरी सहकार्य गरिएको छ ।

## सञ्चयकर्ताको सेवा प्रभावकारी बनाउन गरिएका प्रयासहरूः

**क) व्यक्तिगत विवरण अद्यावधिक गर्ने कार्य अन्तिम चरणमाः**

सञ्चयकर्ताको व्यक्तिगत विवरण अद्यावधिक गरी सम्पूर्ण सेवा तथा सुविधा अनलाईन मार्फत प्रदान गर्ने उद्देश्यले शुरू गरिएको व्यक्तिगत विवरण अद्यावधिक गर्ने कार्य(केवाइसी) अन्तिम चरणमा पुगेको छ ।

**ख) डिटिए मार्फत भुक्तानीः**

सञ्चयकर्तालाई कोषले प्रदान गर्ने सम्पूर्ण सेवा तथा सुविधाहरू सञ्चयकर्ताको सम्बन्धित बैंक खातामा जम्मा गर्ने व्यवस्था डाइरेक्ट ट्रान्सफर टु एकाउण्ट प्रणाली सञ्चालन गरिएको छ ।

**ग) अनलाईन विशेष सापटी सुविधाः**

कोषको कार्यालयहरूबाट सञ्चयकर्तालाई प्रदान गरिदै आएको विशेष सापटीको सुविधालाई सञ्चयकर्ताको सम्बन्धित कार्यालयको सहकार्यमा अनलाईनबाट सापटी प्रवाह गर्ने व्यवस्था गरिएको छ ।

**घ) अनलाईनमार्फत सापटी तथा कर्जा फिर्ता भुक्तानी सुविधाः**

कोषबाट सञ्चयकर्ताले लिएका सबै प्रकारका सापटी तथा कर्जा कनेक्ट आइपिएस मार्फत फिर्ता भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ ।

**ङ) विद्युतीय परिचय पत्रः**

सञ्चयकर्तालाई प्रदान गरिने कोषको परिचय पत्रलाई क्रमशः विद्युतीय परिचय पत्रद्वारा प्रतिस्थापन गर्ने उद्देश्यले विद्युतीय परिचय पत्र प्रदान गर्ने कार्य शुरू गरिएको छ ।

**च) कल सेन्टरको स्थापनाः**

कोषले सञ्चयकर्ताको जिज्ञासा तथा गुनासो व्यवस्थापन गर्न आधुनिक प्रविधि सहितको कल सेन्टरको स्थापना गरी सञ्चालनमा ल्याएको छ ।

**छ) डाटा सेन्टरको स्थापनाः**

कोषले सञ्चयकर्ताको विवरण तथा आवश्यक सूचनाहरूलाई सुरक्षित तवरबाट भण्डारण तथा प्रयोग गर्ने उद्देश्ले आफ्नै डाटा सेन्टरको स्थापना गरी सञ्चालनमा ल्याएको छ ।

**ज) अनलाईन रिकन्सिलिएसनः**

कोषले सञ्चयकर्ता कार्यालयबाट जम्मा भएको सञ्चय कोष रकमको समयमा नै रिकन्सिलिएसन गरी व्यक्तिगत खातालाई शुद्ध र अद्यावधिक गर्ने उद्देश्यले संकलनतर्फ अनलाईन रिकन्सिलिएसन प्रणालीको सञ्चालन गरिएको छ ।

**झ) एसएमएस मार्फत सूचना प्रवाहः**

सञ्चयकर्ताका कारोबारहरूको सम्बन्धमा समयमै जानकारी गराउने उद्देश्यले एसएमयस मार्फत सूचना प्रवाह गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

**ञ) गुनासो सुनुवाइ**

सञ्चयकर्ताका सुझाव, जिज्ञासा तथा गुनासाहरूलाई सम्बोधन गर्ने उद्देश्यले प्रविधि(इमेल)मा आधारित गुनासो सुनवाई प्रणाली सञ्चालनमा ल्याइएको छ ।

**ट) वर्क फ्रम होम प्रणाली**

सञ्चयकर्तालाई निरन्तर सेवा प्रवाह गर्ने उद्देश्यले वर्क फ्रम होम प्रणालीको विकास गरी कोभिड-१९ को दोस्रो लहरको कारणले नेपाल सरकारले जारी गरेको निषेधाज्ञाको अवधिमा समेत निरन्तर रूपमा विशेष सापटी सेवा प्रवाह गरिएको र यस अवधिमा १६०७ सञ्चयकर्तालाई २९ करोड ५५ लाख विशेष सापटी प्रदान गरिएको छ ।

# विद्युतीय सरकारी लेखा प्रणालीमा कोषको आबद्धता



महालेखा नियन्त्रक कार्यालय र कर्मचारी सञ्चय कोषबीच २०७७ फागुन १२ गते महालेखा नियन्त्रक कार्यालयमा विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) सम्बन्धी कार्यक्रम सम्पन्न भयो । महालेखा नियन्त्रक कार्यालयको सहकार्यमा सिगासमार्फत विद्युतीय कोष हस्तान्तरण (इएफटी) गरी नेपाल सरकार तथा सातै प्रदेश सरकारका निकायहरूमा कार्यरत कर्मचारीको सञ्चय कोष, निवृत्तभरण कोष तथा सापटी भुक्तानी रकम कारोबारको वास्तविक समय (रियल टाइम)मै व्यक्तिगत खातामा विद्युतीय माध्यमबाट लेखांकन गर्ने प्रणालीको अर्थ मन्त्रालयका तत्कालीन राजस्व सचिव तथा कर्मचारी सञ्चय कोषका अध्यक्ष रामशरण पुडासैनी र तत्कालीन महालेखा नियन्त्रक मधुकुमार मरासिनीले संयुक्त रूपमा शुभारम्भ गर्नुभयो ।

यो प्रणालीको कार्यान्वयनबाट कारोबारको वास्तविक समय अर्थात् तत्कालै सञ्चय कोष, निवृत्तभरण कोष भुक्तानी हुने भएकोले अब सञ्चय कोष रकम व्यक्तिगत खातामा जम्मा नहुने र हराउने, दोहोरो प्रविष्टि हुने, घटी बढी दाखिला हुने तथा एकै व्यक्तिका धेरै वटा खाता रहने लगायतका समस्याहरू समाधान हुनेछन् ।

शुभारम्भ कार्यक्रममा बोल्दै कोष सञ्चालक समितिका तत्कालीन अध्यक्ष रामशरण पुडासैनीले यो प्रणालीको विकासले सरकारी लेखा प्रणालीको सुधारमा ईंटा थप्ने काम गरेको बताउनु भयो । उहाँले सञ्चय कोष रकम कारोबारको वास्तविक समय (रियल टाइम)मै सञ्चयकर्ताको खातामा प्रविष्टि हुने भएकोले सञ्चयकर्ताले छिटो, छरितो र प्रभावकारी सेवा प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो । सोही कार्यक्रममा बोल्दै तत्कालीन महालेखा नियन्त्रक मधुकुमार मरासिनीले यो प्रणालीले सरकारको डिजिटल गभर्नेन्स कार्यान्वयनमा ठूलो सहयोग पुग्ने बताउनु भयो । उहाँले यस किसिमको प्रणालीको विकासले पारदर्शिता कायम गर्ने कार्यमा समेत सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सोही कार्यक्रममा कोषका प्रशासक तुलसी प्रसाद गौतमले विद्युतीय सरकारी लेखा प्रणालीको कार्यान्वयनबाट कर्मचारी सञ्चय कोषको फाँटवारी संकलन कार्यमा सरलीकरण र सहजीकरण हुने बताउनु भयो । उहाँले यो प्रणालीको कार्यान्वयनबाट कोषको समग्र कार्यसम्पादनमा व्यापक सुधार हुने जानकारी दिनु भयो । नेपाल सरकारको सङ्घीय तथा प्रदेश सेवा अन्तर्गतका निजामती, प्रहरी र जंगी तर्फ करिब २ लाख ७५ हजार सञ्चयकर्ताहरू तत्कालै यस प्रणालीबाट लाभान्वित हुनेछन् ।

कर्मचारीहरूको तलब भत्ता तथा पेन्सनलाई रियल टाइममै खातामा पठाउन मिल्ने गरी गरिएको यो व्यवस्थाले पेपरलेस प्रणालीलाई आत्मसात् गर्दै पूर्ण रूपमा डिजिटल कारोबारलाई प्राथमिकता दिएको छ ।

# अनलाईन कारोबारमा सञ्चयकर्ताको आकर्षण




कोषले शुरूआत गरेका विभिन्न अनलाइन सुविधाको उपयोग गर्ने सञ्चयकर्ताको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको छ । कोषले सेवा सुविधालाई सरल र सहजरूपमा वितरण गर्ने उद्देश्यले अनलाइन कारोबारलाई प्राथमिकतामा राखेर अगाडि बढिरहेको छ ।

कोषले अनलाईनमा आधारित विशेष सापटी तथा अनलाईनमार्फत नै कोषको सापटी फिर्ता सेवालाई प्राथमिकताका साथ अघि बढाएकोमा ०७८ को असार मसान्त सम्ममा सो प्रणाली मार्फत कोषको कुल कारोबारमध्ये ५७ हजार ५ सय ९९ जनाले अनलाईन विशेष सापटी सुविधा लिएका थिए अर्थात् कुल कारोबारको करिब ५५.३० प्रतिशत सापटी अनलाईनमार्फत प्रवाह भएको थियो । कोषले एनसीएचएल को सहकार्यमा शुरू गरेको अनलाइन भुक्तानी मार्फत ४९ हजार २ सय १७ जना सञ्चयकर्ताले सापटी रकम फिर्ता गरेका छन् । यसरी अनलाइन मार्फत शैक्षिक सापटी अन्तर्गत ३३७ जना ,घर सापटी अन्तर्गत १७७१२ जना, घर मर्मत सापटी अन्तर्गत १७७० जना, सरलचक्र कर्जा अन्तर्गत ३२८७ जना र विशेष सापटी अन्तर्गत २६ हजार १ सय ११ जनाले सापटी रकम फिर्ता गरेका छन् ।

# सामाजिक उत्तरदायित्व

कोषले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरूलाई आर्थिक वर्ष २०७७/७८ मा रू.७ लाख ५० हजार प्रदान गरेको छ । यसरी लाभान्वित हुने संस्थाहरूमा बज्रयोगिनी मन्दिर तथा साखुँले बन्धु समाजलाई बज्रयोगिनी मन्दिर पुर्ननिर्माणको लागि रू. १ लाख ५० हजार, छत्रपाटी निःशुल्क चिकित्सालयलाई अक्सिजन प्लान्ट स्थापनाको लागि रू. ४ लाख र मनोरम नगर समाजलाई हनुमन्ते खोला किनारमा फलफूलका विरूवा तथा अन्य वृक्षारोपण गर्नका लागि रू. २ लाख प्रदान गरिएको छ । कोषले 'संस्थागत सामाजिक उत्तरदायित्व निर्देशिका, २०७६' अनुसार वित्तीय साक्षरता, सामाजिक विकास एवम् सशक्तीकरण, शिक्षा तथा स्वास्थ्य सेवा, सामाजिक रूपले पिछाडिएका वर्गको आय आर्जन, क्षमता विकास तथा दिगो जीवनस्तर, दैवी प्रकोप तथा आकस्मिक घट्ना, पुरातात्विक, साँस्कृतिक महत्वका सम्पदा तथा वातावरण संरक्षण, व्यावसायिक रूपमा स्थापना भएका बाहेकका अनाथालय, वालमन्दिर, वृद्धाश्रम र विद्यालयको व्यवस्थापन, खेलकुद लगायत उपयुक्त देखिएका समाजको विकाससँग सम्बन्धित क्षेत्रहरूलाई छनौट गर्ने गरेको छ ।

# अर्धवार्षिक प्रगति समीक्षा तथा

# वरिष्ठ कार्यकारी मञ्चको अन्तरक्रिया कार्यक्रम

कोषको आ.व. २०७७/७८ को अर्धवार्षिक प्रगति समीक्षा तथा वरिष्ठ कार्यकारी मञ्चको अन्तरक्रिया कार्यक्रम २०७७ चैत्र ६ र ७ गते बनेपामा सम्पन्न भयो । कार्यक्रममा प्रशासक, सह-प्रशासकहरू, विभिन्न विभागका विभागीय प्रमुखहरू, वरिष्ठ प्रबन्धक तथा प्रबन्धक एवम् शाखा कार्यालय प्रमुखहरू, सेवा केन्द्र प्रमुख तथा कोषमा क्रियाशील कर्मचारी संगठनका प्रतिनिधिको उपस्थिति थियो ।

कार्यक्रममा आ.व.२०७७/७८ को अर्ध-वार्षिक कार्य प्रगति समीक्षा गरिएको थियो । समीक्षा बैठकमा कोषका ११ वटा विभाग, ८ वटा शाखा कार्यालय र धनकुटा सेवा केन्द्रले वार्षिक तथा बिशेष कार्यक्रमको कार्ययोजना अनुसार २०७७ श्रावणदेखि पौष मसान्तसम्मको(अर्धवार्षिक) कार्य प्रगतिको समीक्षा गरिएको थियो । सम्पूर्ण कार्यक्रमको मोडरेटरको भूमिका सह-प्रशासक जितेन्द्र धिताललले निर्वाह गर्नुभएको थियो ।



सो अवसरमा विभिन्न कार्यपत्र प्रस्तुतीकरण र अन्तरक्रिया कार्यक्रम समेत गरिएको थियो । कार्यक्रमको शुरूमा बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक दिपक रौनियारले आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले बेतन कर्णालीबाट धेरै नयाँ कुरा सिक्ने मौका मिलेको र यसले क्षमता निमार्णमा सहयोग पुगेको कुरा बताउनु भयो । २०७४ वैशाख २४ बाट काम शुरू भएको यो परियोजनामा ग्लोवल आइएमई बैंकको नेतृत्व र सनराइज बैंकको सह-नेतृत्व रहेको थियो । "यो आयोजना कोषको पूर्वाधार विकासको क्षेत्रमा हुने लगानीमा कोषेढुङ्गा सावित हुने छ "भन्दै यस आयोजनाले मेलम्ची खानेपानी आयोजना र अपर तामाकोशी जलविद्युत आयोजनाको जस्तो समस्या भोग्नु पर्दैन भन्ने विषयमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख राजेन्द्र शाक्यले विभाग, शाखा कार्यालय र धनकुटा सेवा केन्द्रको विशेष कार्यक्रमको अर्ध-वार्षिक प्रगति मूल्याकंन विवरण प्रस्तुत गर्नु भएको थियो । उहाँले परिवर्तित समय अनुसार मूल्यांकन पद्धतिमा पनि सुधारको लागि राय दिँदै कार्यक्रमको संख्याको आधारमा कार्य प्रगति मूल्यांकन गर्दा विभेद जस्तो हुने र सही परिणाम आउन नसक्ने बताउनु भयो । उहाँले थप्नु भयो, कार्यक्रम एक वटा मात्र तय भएका विभाग वा कुनै



त्यस्तै शाखा कार्यालयले त्यही एक वटा कार्यक्रम सम्पन्न गर्दा शतप्रतिशत प्रगति भएको देखिन्छ भने बाह्र वटा कार्यक्रम रहेको विभाग/शाखाले एघार वटा कार्यक्रम सम्पन्न गर्दा पनि उल्लेखनीय प्रगति नदेखिने हुन्छ । त्यसैले यस्तो मूल्यांकन प्रणालीमा परिवर्तन गर्नुपर्ने आवश्यकता छ भन्दै मूल्यांकन वैज्ञानिक, वस्तुनिष्ठ र भरपर्दो हुनु पर्नेमा उहाँको जोड थियो ।

का.मु.सहप्रशासक जीवनकुमार कट्वालले आ.व.२०७६/७७ को लेखापरीक्षणले उठाएका मुद्दाको बारेमा छलफल गर्ने साथै समग्र खर्चको विश्लेषण गर्ने, सञ्चालक समितिले समयबद्ध सुधार गर्न निर्देशन दिएको र चैत्र १५ भित्र कार्ययोजना बनाई पेश गर्नुपर्ने र आषाढ मसान्तभित्र कार्यान्वयन गरी सक्नु पर्ने अवस्था रहेको बताउनु भयो । अर्को वर्ष लेखापरीक्षण हुँदा २०७६/७७ का मुद्दाहरु नदोहोरिने प्रतिवद्धता सहित कार्यान्वयन गर्नुपर्ने कुरामा उहाँको जोड थियो ।

आर्थिक प्रशासन विभागका विभागीय प्रमुख ठाकुरजंग थापाले सेवा प्रवाहको प्रभावकारितामा सूचना प्रविधिको ठूलो भूमिका रहेको औंल्याउनु भयो । अहिलेको कोभिडको महामारीमा यो भूमिका झनै बढेको र कोषको सम्पूर्ण कारोबारको ६० प्रतिशत अनलाइनमा आधारित रहेको जानकारी दिनु भयो । उहाँको कथन थियो "श्रावणदेखि पौष सम्मको सम्पूर्ण कारोबारमा २८ प्रतिशत कनेक्ट आइपिएस मार्फत भएको छ । हाम्रो व्यवसाय सूचना प्रविधिमा निर्भर हुदै गएको छ त्यसैले गोपनियता, इमानदारिता एवम् पहुँचमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ ।" उहाँको थप कथन थियो, "हाम्रो ध्यान सञ्चयकर्तालाई कसरी सहज,सरल तथा शीघ्र सेवा प्रवाह गर्न सक्छौं भन्नेतिर हुनुपर्छ , यसको लागि हाम्रो कदम सदैव सूचना प्रविधि सँगसँगै हुन पर्छ ।"

कार्यक्रममा का.मु. वरिष्ठ प्रबन्धक दिलिपराज पौडेलले पनि कोषको सेवा प्रवाहमा सूचना प्रविधिको उपयोग बारेमा जानकारी प्रदान गर्नुभयो । त्यसैगरी का.मु. वरिष्ठ प्रबन्धक राकेशलाल श्रेष्ठले सिगास को बारेमा विस्तृत जानकारी प्रदान गर्नु भयो भने प्रबन्धक कल्पना मानन्धरले विभाग र शाखा कार्यालयका वार्षिक कार्यक्रम र बजेटको बारेमा प्रस्तुतीकरण दिनु भयो ।

क्रमशः पृष्ठ १४ मा

# अर्धवार्षिक प्रगति समीक्षा...

शाखा कार्यालयको तर्फबाट बोल्दै जनकपुर शाखाका प्रमुख ध्रुव प्रसाद पन्तले 'शाखा कार्यालय सञ्चालन निर्देशिका, २०७२' मा समयानुकूल परिमार्जन गर्नु पर्ने बताउनु भयो । सिगास लागू भएका कार्यालयको संकलन इन्ट्रि तथा फाँटवारी पठाउने प्रक्रियामा धेरै सुधार गर्नुपर्ने उहाँको धारणा रहेको थियो । पहिले गरिएको केवाइसी मा शुद्धीकरण गर्नुपर्ने देखिएको, केवाइसीमा विवरण परिमार्जन गर्नासाथ सञ्चयकर्तालाई एसएमएस जाने व्यवस्था गर्नुपर्ने, अनलाइन विशेष सापटीको सीमा हटाउनुपर्ने, सिएमएस र केवाइसी मा भएको सञ्चयकर्ता विवरणमा एकरूपता हुनुपर्ने कुरामा उहाँको जोड थियो । त्यसैगरी 'एनएफआरएस' अनुरूपको लेखांकनलाई शाखा कार्यलयमा समेत पुऱ्याउनुपर्ने, कुनै पनि निर्णय हुनासाथ वेबसाइटमा अद्यावधिक गर्नुपर्ने, संगठनात्मक संरचना अनुरूप कर्मचारीको व्यवस्था हुनुपर्ने, परिवर्तन व्यवस्थापनका बारेमा तालिमबाट कर्मचारीको ज्ञानलाई अद्यावधिक गर्नुपर्ने उहाँको सुझाव थियो ।






कोषको लक्ष्य प्राप्त गर्नका लागि विभिन्न विभाग तथा शाखा कार्यालयहरू एवम् सेवा केन्द्रले निर्धारण गरेका बार्षिक तथा बिशेष कार्यक्रमहरू कार्ययोजना बमोजिम सञ्चालन भएको छ छैन भनी समग्र अध्ययन र विश्लेषण गरी आगामी दिनहरूका लागि कार्यदिशा तय गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो । कोषको विभिन्न विभाग तथा शाखा कार्यालयहरूको बार्षिक लक्ष्य तथा कार्यक्रमहरूको कार्यान्वयनलाई प्रभावकारी तथा नतिजामुखी बनाउनु बैठकको ध्येय थियो ।

# घरजग्गा व्यवस्थापनमा नयाँ पाइला: सञ्चयकर्ता घरजग्गा व्यवस्थापन कम्पनी लिमिटेड




सञ्चयकर्ता घरजग्गा व्यवस्थापन कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक ओमकृष्ण श्रेष्ठले बिगतमा कोषले हाउजिङ्को विकास गर्ने भनेर प्रक्रिया अघि बढाए पनि आशातित सफलता प्राप्त हुन नसके पछि छुट्टै संस्थाबाट व्यवस्थापन गर्ने गरी सञ्चयकर्ता घरजग्गा व्यवस्थापन कम्पनी लिमिटेडको स्थापना भएको जानकारी दिनुभएको छ । कोषको आ.व. २०७७/७८ को अर्धवार्षिक प्रगति समीक्षा तथा वरिष्ठ कार्यकारी मञ्चको अन्तरक्रिया कार्यक्रममा उहाँले कोषको सोचलाई निष्कर्षमा पुऱ्याउन पहिलो पाइला चालिएको र यसलाई क्रमैसँग लक्ष्यमा पुऱ्याउनु पर्ने बताउनु भयो ।

२०५६ मा पोखराबाट हाउजिङ्को क्षेत्रमा प्रवेश गरेको कोषले सञ्चयकर्ता घरजग्गा व्यवस्थापन कम्पनी लिमिटेडमार्फत पहिलो चरणमा चितवनको हाउजिङ्लाई प्राथमिकता दिएर अघि बढ्ने योजना रहेको बताउनुभयो । हामी सबैको सहकार्य र सहयोगबाट यो नवस्थापित कम्पनीलाई आफ्नो उद्देश्य प्राप्तिमा सफल गराउन सकिन्छ भन्ने आशा लिएको कुरा पनि उहाँले बताउनु भयो ।

# कर्मचारी सञ्चय कोषको ६०औं वार्षिकोत्सव

## २५ बर्षे सेवा पदक प्राप्त गर्ने कर्मचारीहरू

| क्र.सं. | पद | नामथर |
|---|---|---|
| १ | सहायक प्रबन्धक | श्री लाल बहादुर सुनार |
| २ | सहायक प्रबन्धक | श्री अनिल कुमार झा |
| ३ | सहायक प्रबन्धक | श्री रामकृष्ण महर्जन |
| ४ | सहायक प्रबन्धक | श्री रामहरि सिलवाल |
| ५ | सहायक प्रबन्धक | श्री मधुकर पाण्डे |
| ६ | सहायक प्रबन्धक | श्री विणा कुमारी श्रेष्ठ (महर्जन) |
| ७ | सहायक प्रबन्धक | श्री अरूण कुमार झा |
| ८ | सहायक प्रबन्धक | श्री कविता शर्मा |
| ९ | प्रमुख सहायक | श्री भवानी श्रेष्ठ |
| १० | प्रमुख सहायक | श्री शेखर थापा क्षेत्री |
| ११ | प्रमुख सहायक | श्री राजेन्द्र थापा |
| १२ | का.मु.सहायक प्रबन्धक | श्री केशव राज श्रेष्ठ |
| १३ | प्रमुख सहायक | श्री राम सुन्दर कर्माचार्य |
| १४ | प्रमुख सहायक | श्री जमुना देवी पण्डित |
| १५ | प्रमुख सहायक | श्री शैलेश धौभडेल |
| १६ | प्रमुख सहायक | श्री उर्मिला खतिवडा (सापकोटा) |
| १७ | सहायक प्रबन्धक | श्री धन बहादुर बोहरा |
| १८ | प्रमुख सहायक | श्री गायत्री कुमारी लामिछाने |
| १९ | का.मु.सहायक प्रबन्धक | श्री सन्तुन कायस्थ |
| २० | का.मु.सहायक प्रबन्धक | श्री मिना श्रेष्ठ |
| २१ | प्रमुख सहायक | श्री केदार खत्री |
| २२ | प्रमुख सहायक (काष्ठकला) | श्री अष्टमान तुलाधर |

## आ.व. २०७७/७८ मा अनिवार्य अवकाश हुने कर्मचारीहरू

| क्र.सं. | पद | नाम थर | अवकाश मिति |
|---|---|---|---|
| १ | सहायक प्रबन्धक | प्रमोद प्रसाद जोशी | २०७७०४।१५ |
| २ | कार्यालय सुपरीवेक्षक | राम प्रसाद लामिछाने | २०७७०४।२१ |
| ३ | सहायक प्रबन्धक | रामेश्वर सिग्देल | २०७७०४।२२ |
| ४ | कार्यालय सुपरीवेक्षक | राम शरण लुईटेल | २०७७०४।३१ |
| ५ | सहायक प्रबन्धक | कुशेश्वर श्रेष्ठ | २०७७०५।०२ |
| ६ | सह प्रशासक | राजेन्द्र काफ्ले | २०७७०५।०६ |
| ७ | प्रमुख सहायक | राजिव लाल मुलेपति | २०७७०५।०९ |
| ८ | सहायक प्रबन्धक | गमला के.सी. | २०७७०६।०१ |
| ९ | प्रमुख सहायक | ज्योति कुमार के.सी. | २०७७०६।२६ |
| १० | प्रमुख सहायक | राजु बज्राचार्य | २०७७०६।२७ |
| ११ | उप प्रबन्धक | दिपक निरौला | २०७७०७।०८ |
| १२ | सहायक प्रबन्धक | टीका बहादुर कार्की | २०७७०७।०९ |
| १३ | प्रमुख सहायक | मोहन बहादुर के.सी. | २०७७०८।०३ |
| १४ | बरिष्ठ प्रवन्धक | सुमना स्थापित | २०७७०८।०५ |
| १५ | सहायक प्रबन्धक | निर्मला खनाल पौडेल | २०७७०८।१४ |
| १६ | कार्यालय सुपरीवेक्षक | विजयानन्द धिताल | २०७७०८।१४ |
| १७ | सहायक प्रबन्धक | उद्धव प्रसाद पौडेल | २०७७०९।२७ |
| १८ | सहायक प्रबन्धक | धन काजी बज्राचार्य | २०७७१०।१५ |
| १९ | सहायक प्रबन्धक | बन्दन भट्टराई | २०७७१०।१७ |
| २० | सहायक प्रबन्धक | ऋषि राम बुढा | २०७७१०।१७ |
| २१ | मुख्य प्रबन्धक | राजा राम श्रेष्ठ | २०७७११।०७ |
| २२ | प्रमुख सहायक | अनुप नर्सिहं राणा | २०७७१२।१५ |
| २३ | कार्यालय सुपरीवेक्षक | कुमार प्रसाद प्रधान | २०७८०२।१८ |
| २४ | कार्यालय सुपरीवेक्षक | हरि प्रसाद शर्मा खनाल | २०७८०२।२७ |
| २५ | बरिष्ठ प्रवन्धक | गुण राज श्रेष्ठ | २०७८०३।१५ |
| २६ | उप प्रबन्धक | विशेश्वर श्रेष्ठ | २०७८०३।२३ |

### आ.व. २०७७/७८मा राजिनामा स्वीकृत भएका कर्मचारी

| क्र.सं | पद | नामथर | राजिनामा स्वीकृत मिति |
|---|---|---|---|
| १ | प्रबन्धक (सिष्टम) | सन्देश घिमिरे | २०७७०५।०२ |

## SEE परीक्षा उत्तिर्ण कोषका कर्मचारीका छोराछोरीको विवरण

### छोरा तर्फ

| क्र.सं. | विद्यार्थीको नामथर | जिपिए | कर्मचारीको नामथर | पद |
|---|---|---|---|---|
| १ | हृदय सुवेदी | ४.०० | कल्पना बराल | सहायक प्रबन्धक |
| २ | आयुष जि.सी. | ३.९५ | कृष्ण बहादुर जि.सी. | प्रबन्धक |
| ३ | सन्देश खड्का | ३.९५ | डम्बर बहादुर खड्का | प्रबन्धक (कानून) |
| ४ | सक्षम ढकाल | ३.९० | सुरेन्द्र राज ढकाल | का.मु.उप प्रबन्धक |
| ५ | प्रत्युष पौडेल | ३.९० | विजया आचार्य | प्रमुख सहायक |

### छोरी तर्फ

| क्र.सं. | विद्यार्थीको नामथर | एसईई जिपिए | कर्मचारीको नामथर | पद |
|---|---|---|---|---|
| १ | शुभाना महत | ३.९० | रबिन्द्र महत | सहायक प्रबन्धक |
| २ | श्रुति गौतम | ३.८५ | शान्ता गौतम | बरिष्ठ प्रबन्धक |
| ३ | युग्मा के.सी. | ३.७५ | चानक राज खत्री | उप प्रबन्धक |

# शाखा गतिविधि संक्षेपमा




## शाखा कार्यालय विराटनगर

शाखा कार्यालय विराटनगरबाट आर्थिक वर्ष २०७७/७८ मा विशेष सापटी सुविधा ६७१० जनाले लिएका छन् । पूर्ण भुक्तानी ३७२९ जना सञ्चयकर्ताले प्राप्त गरेका छन् । त्यसैगरी छुट भुक्तानी ३०२४ जनाले प्राप्त गरेका छन् दुर्घटना क्षतिपूर्ति वापत १० जना कर्मचारी वा निजका हकवाला लाभान्वित भएका छन् । सुत्केरी तथा शिशु स्याहार सुविधाबाट १६८४ जनाले सहयोग प्राप्त गरेका छन् । सञ्चयकर्ता औषधोपचार वापत ३९ जना सञ्चयकर्ताले सहायता प्राप्त गरेका छन् । घर सापटी ५४३ जना सञ्चयकर्ताले लिएका छन् । कारोबारको डिटिए मार्फत भुक्तानी १५ हजार ३५ जनाको गरिएको छ । यो अवधिमा ३ लाख १६ हजार ६ सय ७४ जना सञ्चयकर्ताको डाटा इन्ट्रि गरिएको छ भने १८ हजार ५ सय ९१ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको छ ।

## शाखा कार्यालय पोखरा

शाखा कार्यालय पोखराबाट आर्थिक वर्ष २०७७/७८ मा विशेष सापटी सुविधा ९ सय २५ जना सञ्चयकर्ताले लिएका छन् । पूर्ण भुक्तानी २ हजार ५ सय ७० जनाले प्राप्त गरेका छन् । त्यसैगरी छुट भुक्तानी १ हजार २ सय ४४ जनाले प्राप्त गरेका छन् दुर्घटना क्षतिपूर्ति वापत ५जना कर्मचारी वा निजका हकवाला लाभान्वित भएका छन् । सुत्केरी तथा शिशु स्याहार सुविधाबाट १ हजार २ सय ५१ जनाले सहयोग प्राप्त गरेका छन् । सञ्चयकर्ता औषधोपचारवापत १३ जना सञ्चयकर्ताले सहायता प्राप्त गरेका छन् । घर सापटी ८३ जना सञ्चयकर्ताले लिएका छन् । कारोबारको डिटिए मार्फत भुक्तानी ५ हजार ५ सय २९ जनाको गरिएको छ । यो अवधिमा २ लाख ४४ हजार ४ सय १० जना सञ्चयकर्ताको डाटा इन्ट्रि गरिएको छ भने ११ हजार २६ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको छ ।

## शाखा कार्यालय बुटवल

शाखा कार्यालय बुटवलबाट आर्थिक वर्ष २०७७/७८ मा विशेष सापटी सुविधा ४७५६ जनाले लिएका छन् । पूर्ण भुक्तानी २२०५ जना सञ्चयकर्ताले प्राप्त गरेका छन् । त्यसैगरी छुट भुक्तानी १३११ जनाले प्राप्त गरेका छन् । दुर्घटना क्षतिपूर्ति वापत १३ जना कर्मचारी वा निजका हकवाला लाभान्वित भएका छन् । सुत्केरी तथा शिशु स्याहार सुविधाबाट ११६० जनाले सहयोग प्राप्त गरेका छन् । सञ्चयकर्ता औषधोपचार बापत ४ जना सञ्चयकर्ताले सहायता प्राप्त गरेका छन् । कारोबारको डिटिए मार्फत भुक्तानी ९ हजार ६ सय २१ जनाको गरिएको छ । यो अवधिमा २ लाख ५ हजार ६ सय २८ जना सञ्चयकर्ताको डाटा इन्ट्रि गरिएको छ भने १२ हजार ३ सय १७ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको छ ।

## शाखा कार्यालय हेटौडा

शाखा कार्यालय हेटौडाबाट आर्थिक वर्ष २०७७/७८ विशेष सापटी सुविधा १ हजार ९ सय ९१ जनाले लिएका छन् । पूर्ण भुक्तानी २ हजार ४ सय ३२ जना सञ्चयकर्ताले प्राप्त गरेका छन् । त्यसैगरी छुट भुक्तानी १ हजार ९७ जनाले प्राप्त गरेका छन् । दुर्घटना क्षतिपूर्ति वापत ६ जना सञ्चयकर्ता वा निजका हकवालाले सहयोग प्राप्त गरेका छन् । सुत्केरी तथा शिशु स्याहार सुविधाबाट १ हजार ५ सय १० जना सञ्चयकर्ता लाभान्वित भएका छन् । घर सापटी २ सय ८१ जना सञ्चयकर्ताले लिएका छन् । कारोबारको डिटिए मार्फत भुक्तानी ७ हजार ७२ जनाको गरिएको छ । २ लाख १५ हजार ६ सय २० जना सञ्चयकर्ताको डाटा इन्ट्रि गरिएको छ भने १२ हजार ९ सय ७६ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको छ ।

# शाखा गतिविधि संक्षेपमा...

## शाखा कार्यालय धनगढी



शाखा कार्यालय धनगढीबाट आर्थिक वर्ष २०७७/७८ मा पूर्ण भुक्तानी १ हजार २३ जना सञ्चयकर्ताले प्राप्त गरेका छन् । त्यसैगरी छुट भुक्तानी १ हजार १ सय ४९ जनाले प्राप्त गरेका छन् । दुर्घटना क्षतिपूर्ति वापत ९ जना सञ्चयकर्ता वा निजका हकवालाले सहयोग प्राप्त गरेका छन् । सुत्केरी तथा शिशु स्याहार सुविधाबाट १ हजार २ सय ६२ जना सञ्चयकर्ता लाभान्वित भएका छन् । घर सापटी ३ सय ३३ जना सञ्चयकर्ताले लिएका छन् । कारोबारको डिटिए मार्फत भुक्तानी ३ हजार ९ सय ५५ जनाको गरिएको छ । यो अवधिमा १ लाख ५८ हजार ७ सय ५५ जना सञ्चयकर्ताको डाटा इन्ट्रि गरिएको छ भने ९ हजार ४ सय २ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको छ ।

## शाखा कार्यालय सुर्खेत



शाखा कार्यालय सुर्खेतबाट आर्थिक वर्ष २०७७/७८ मा विशेष सापटी सुविधा २ हजार २ सय ७१ जनाले लिएका छन् । पूर्ण भुक्तानी ५ सय ५ जना सञ्चयकर्ताले प्राप्त गरेका छन् । त्यसैगरी छुट भुक्तानी ६ सय ६६ जनाले प्राप्त गरेका छन् दुर्घटना क्षतिपूर्ति वापत १ जना कर्मचारी वा निजका हकवालाले सहयोग प्राप्त गरेका छन् । सुत्केरी तथा शिशु स्याहार सुविधाबाट ६ सय ३१ जना सञ्चयकर्ता लाभान्वित भएका छन् । घर सापटी ४७५ जना सञ्चयकर्ताले लिएका छन् । कारोबारको डिटिए मार्फत भुक्तानी ४ हजार ४ सय ६३ जनाको गरिएको छ । यो अवधिमा १ लाख ४ हजार ७ सय ४४ जना सञ्चयकर्ताको डाटा इन्ट्रि गरिएको छ भने ५ हजार ६ सय ४३ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको छ ।

## शाखा कार्यालय कोहलपुर




शाखा कार्यालय कोहलपुरबाट आर्थिक वर्ष २०७७/७८ मा विशेष सापटी सुविधा ३ हजार ४ सय १४ जनाले लिएका छन् । पूर्ण भुक्तानी ९ सय ६६ जना सञ्चयकर्ताले प्राप्त गरेका छन् । त्यसैगरी छुट भुक्तानी ८ सय १७ जनाले प्राप्त गरेका छन् । दुर्घटना क्षतिपूर्ति वापत ४ जना सञ्चयकर्ता एवं निजका हकवालाले सहयोग प्राप्त गरेका छन् । सुत्केरी तथा शिशु स्याहार सुविधाबाट १ हजार ६ जना सञ्चयकर्ता लाभान्वित भएका छन् । घर सापटी १ सय ३२ जना सञ्चयकर्ताले लिएका छन् । कारोबारको डिटिए मार्फत भुक्तानी ६ हजार २ सय ३३ जनाको गरिएको छ । यो अवधिमा १ लाख ५३ हजार ६ सय २ जना सञ्चयकर्ताको डाटा इन्ट्रि गरिएको छ भने ७ हजार ७ सय ८१ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको छ ।

## शाखा कार्यालय जनकपुर




शाखा कार्यालय जनकपुरबाटआर्थिक वर्ष २०७७/७८ मा विशेष सापटी सुविधा ८ सय ४२ जनाले लिएका छन् । पूर्ण भुक्तानी ९ सय ५८ जना सञ्चयकर्ताले प्राप्त गरेका छन् । त्यसैगरी छुट भुक्तानी ७ सय ४१ जनाले प्राप्त गरेका छन् । दुर्घटना क्षतिपूर्ति वापत ४ जना सञ्चयकर्ता वा निजका हकवालाले सहयोग प्राप्त गरेका छन् । सुत्केरी तथा शिशु स्याहार सुविधाबाट ८ सय ३८ जना सञ्चयकर्ता लाभान्वित भएका छन् । घर सापटी ७२ जना सञ्चयकर्ताले लिएका छन् । कारोबारको डिटिए मार्फत भुक्तानी ३ हजार ६ सय ७५ जनाको गरिएको छ । यो अवधिमा १ लाख ५२ हजार ७ सय २४ जना सञ्चयकर्ताको डाटा इन्ट्रि गरिएको छ भने ९ हजार ५ सय ८६ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको छ ।

## सेवा केन्द्र धनकुटा

सेवा केन्द्र धनकुटाबाट आर्थिक वर्ष २०७७/७८ मा विशेष सापटी सुविधा ६ सय २१ जनाले लिएका छन् । पूर्ण भुक्तानी १ सय ७१ जना सञ्चयकर्ताले प्राप्त गरेका छन् । त्यसैगरी छुट भुक्तानी १ सय ४३ जनाले प्राप्त गरेका छन् दुर्घटना क्षतिपूर्ति वापत २ जना कर्मचारी वा निजका हकवालाले सहयोग प्राप्त गरेका छन् । सुत्केरी तथा शिशु स्याहार सुविधाबाट ३ सय २ जना सञ्चयकर्ता लाभान्वित भएका छन् । घर सापटी २ जना सञ्चयकर्ताले लिएका छन् । सञ्चयकर्ता औषधोपचारवापत १ जना सञ्चयकर्ताले सहायता प्राप्त गरेका छन् । कारोबारको डिटिए मार्फत भुक्तानी १ हजार २ सय १५ जनाको गरिएको छ । यो अवधिमा ४५ हजार ६६ जना सञ्चयकर्ताको डाटा इन्ट्रि गरिएको छ भने १ हजार ९ सय २८ जना सञ्चयकर्ताको केवाइसी अद्यावधिक गरिएको छ ।

शाखा कार्यालय धनगढी

# प्राथमिकतामा सञ्चयकर्ता सन्तुष्टि



शाखा कार्यालय धनगढीले सञ्चयकर्ताको सन्तुष्टि लाई उच्च प्राथमिकतामा राखेको छ । सञ्चयकर्ताको सहज सुविधाको लागि व्यवस्थित हेल्प डेस्क, इमेल तथा फोनमार्फत तत्काले समस्या/जिज्ञासाको समाधान तथा विद्युतिय माध्यमबाट समेत सञ्चयकर्तासँग नियमित अन्तक्रियामा शाखा कार्यालय सक्रिय रहेको छ । यसै सन्दर्भमा शाखा कार्यालयले सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण गरेको छ । सन्तुष्टि सर्वेक्षणको क्रममा विभिन्न स्थानमा गई २५० जना सञ्चयकर्ताहरूलाई नमूनाको रुपमा छनौट गरि प्रश्नावली वितरण गरिएको थियो । नि.कार्यालय प्रमुख राजेन्द्र विक्रम केसीका अनुसार सर्वेक्षणमा संलग्न सेवाग्राहीमध्ये शाखा मार्फत प्रवाह भएको सेवा/सुविधाबाट करिब ८१ प्रतिशत सेवाग्राही सन्तुष्ट रहेको देखिन्छन् भने कोषको सेवा प्रवाहमा सुधार गर्नुपर्ने भनि १९ प्रतिशत सञ्चयकर्ताले सुझाव दिनुभएको छ ।

## ज्ञान आदानप्रदान

शाखा कार्यालय धनगढीले कर्मचारीहरूबीच ज्ञान आदानप्रदान गर्ने उद्देश्यले विभिन्न कार्यक्रम गरेको छ । यसै सिलसिलामा २०७७ पौष ८ गते सरकारी विद्युतीय सरकारी लेखा प्रणाली (CGAS) सम्बन्धमा प्र.स. ऋषीप्रसाद अधिकारीले, २०७८ असाढ २३ गते डाटा इन्ट्रि तथा वेब अपलोड सम्बन्धमा भएका प्रगतीका सम्बन्धमा प्र.स. रमेश प्रसाद जोशीले र असाढ २८ मा घरसापटीका सम्वन्धमा भइरहेको प्रयास र सञ्चयकर्ताको प्रतिकृयाका सम्बन्धमा प्र.स. अरबिन निरौलाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## अन्तरक्रिया सम्पन्न

शाखा कार्यालय धनगढीले कोषको सेवासुविधा, कोषकट्टी फाँटवारीको वेब अपलोड र निवृत्तभरणका सम्बन्धमा विभिन्न चरणमा बेविनार सञ्चालन गरेको छ । २०७७ पुष २, पुष २२, फागुन २४, चैत्र ४ र चैत्र २६ गते छुट्टाछुट्टै रूपमा सम्पन्न वेबिनारमा सुदुरपश्चिम प्रदेशका विभिन्न गाउँपालिका र नगरपालिकाका ६५ भन्दा बढी लेखा प्रमुखहरूको सहभागिता रहेको थियो । यस्तै शाखाले २०७८ बैशाख १७ मा सुदुरपश्चिममा कार्यरत नेपाली सेनाका लेखासम्बद्ध कर्मचारीहरूसँग योगदानमा आधारित निवृत्तभरण र अनलाइन सापटी, वेब अपलोड लगायतका प्राविधिक प्रक्रियाहरूका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको छ ।

यस्तै, सबै किसिमका कर्जा/सापटीको साँवा तथा ब्याजको भुक्तानी Connect IPS र Bank Central मार्फत गर्न सक्ने व्यवस्था तथा अपनाउनु पर्ने प्रक्रियाको सन्दर्भमा सुदुरपश्चिम प्रदेश अन्तर्गत माछापुछ्रे बैंकका शाखा प्रबन्धकहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

## केवाइसी अद्यावधिक तथा जानकारी प्रदान

शाखा कार्यालय धनगढीद्वारा सुदुरपश्चिमका विभिन्न जिल्लाका कार्यालयहरूमा स्थलगत रूपमा केवाइसी अद्यावधिक एवं अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । २०७७ माघमा डोटी र डडेल्धुरा तथा चैत्रमा अछाम र बाजुरा जिल्लामा गरिएका कार्यक्रममा नि.का.प्र.राजेन्द्र विक्रम केसी, प्र.स. अशोक तिमिल्सिना, प्र.स.ऋषिप्रसाद अधिकारी र प्र.स. अरबिन निरौलाले विभिन्न निकायका सञ्चयकर्ताहरूसँग




अन्तर्क्रिया तथा छलफल कार्यक्रम गर्नुका साथै केवाइसी अद्यावधिक गर्नुभएको थियो । शाखाबाट पछिल्लो आ.व.मा ९,४०२ जना सञ्चयकर्ता तथा १,००८ कार्यालयहरूको केवाइसी अद्यावधिक गरिएको छ ।

# विविध गतिविधि

शाखा कार्यालय कोहलपुर

## सञ्चयकर्ता सापटीको क्षेत्र विस्तार



शाखा कार्यालय कोहलपुरले सापटी क्षेत्र विस्तार गरेको छ । बाँके जिल्ला अन्तर्गत पूर्ववत् लागू भएका क्षेत्रका अतिरिक्त २०७८ असार २ गते देखि लागू हुने गरी नेपालगञ्ज नगरपालिका, कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका, वैजनाथ गाउँपालिका भित्रका विभिन्न क्षेत्रहरु थप गरिएका छन् । त्यसैगरी बर्दिया जिल्ला अन्तर्गत गुलरिया नगरपालिका, बाँसगढी नगरपालिका, बढैयाताल गाउँपालिका, मधुवन नगरपालिका, राजापुर नगरपालिकाका विभिन्न क्षेत्रहरु, दाङ्ग जिल्ला अन्तर्गत तुल्सीपुर उप-महानगरपालिका, घोराही उप-महानगरपालिकाका विभिन्न क्षेत्रहरु समावेश गरिएको छ ।

## भवन निर्माण कार्य अन्तिम चरणमा



शाखा कार्यालय कोहलपुरको भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । कोहलपुरस्थित जग्गामा कार्यालय भवन, आवास तथा गेष्ट हाउस, गार्ड हाउस, विद्युतीय कोठा, क्यन्टिन, पार्किङ्ग सेड लगायत निर्माण गर्नको लागि निर्माण व्यवसायी श्री थोडुङ्ग/ एचटिसी / बासना जे.भी. विरेन्द्रनगर, सुर्खेत र कोषबीच २०७७ असार १६ गते सम्झौता भई २०७७ श्रावण १ गते देखि लागू हुने गरी कार्यादेश दिए बमोजिम निर्माण व्यवसायीबाट भवनहरूको निर्माण कार्य शुरू गरिएको थियो ।

## खेलकुद कार्यक्रम सञ्चालन

शाखा कार्यालय कोहलपुरले कोषको ६० औं वार्षिकोत्सवको उपलक्ष्यमा विभिन्न खेलकूद प्रतियोगिताहरु हर्सोल्लासका साथ सञ्चालन गरेको छ । सञ्चालन भएका खेलकुदमा डबल ब्याडमिन्टन प्रतियोगिता, बुद्धिचाल प्रतियोगिता, क्यारेम बोर्ड प्रतियोगिता, १००० मिटर पुरुष दौड प्रतियोगिता, १००० मिटर महिला दौड प्रतियोगिता, घैंटो फुटाउने प्रतियेगिता र म्युजिकल चियर प्रतियोगिता रहेका छन् ।



# शाखा कार्यालय सुर्खेत



## अन्तर्क्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय सुर्खेतद्वारा २०७७ माघ २ गते नेपाली सेना उत्तर पश्चिम पृतना सुर्खेतको समन्वयमा सो पृतना र अन्तर्गतका कार्यालयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । सो अवसरमा कार्यरत लेखा अधिकृत तथा लेखापालहरूलाई कोषवाट सञ्चयकर्तालाई प्रदान गरिने सेवा सुविधा तथा योगदानमा आधारित निवृत्तभरण योजनासम्वन्धी जानकारी गराइएको थियो । कार्यक्रममा कोषका शाखा कार्यालय सुर्खेतका प्रमुख अर्जुन निरौलाले प्रस्तुतीकरण दिनु भएको थियो ।

त्यसैगरी कर्णाली प्रदेशको रूकुम पश्चिम जिल्लामा रहेका नेपाली सेना, नेपाल प्रहरी र अन्य संघसंस्थाका कर्मचारीहरूबीच एक कार्यक्रम गरियो । कार्यक्रममा नरसिंहदल गण, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा अन्य निजामती र संघसंस्थामा कार्यरत कर्मचारीहरूको केवाइसी अद्यावधिक गर्न तथा कोषवाट प्रदान गरिने सेवा सुविधावारे जानकारी प्रदान गरिएको थियो । करिव २५० सञ्चयकर्ताको व्यक्तिगत केवाइसी अद्यावधिक गरिएको सो कार्यक्रममा कोषको कार्यालय सुर्खेतका सहायक प्रवन्धक भगवान दाहाल तथा प्रमुख सहायक वावुराम गन्धर्व सहभागी हुनुभएको थियो ।




त्यस्तै जुम्ला जिल्लामा २०७८ बैशाख १२ देखि १५ गते सम्म विभिन्न विषयमा कार्यक्रम आयोजना गरिएको थियो । सो अवसरमा कर्णाली प्रदेशको जुम्ला जिल्लामा अवस्थित नेपाली सेनाका वाहिनी ,गण, गुल्म तथा निजामती र सार्वजनिक निकायमा कार्यरत सञ्चयकर्ताहरूको केवाइसी अद्यावधिक गर्न तथा कोषवाट प्रवाह हुने सेवा सुविधा सम्वन्धमा जानकारी प्रदान गरिएको थियो । करिव २०० सञ्चयकर्ताको व्यक्तिगत केवाइसी अद्यावधिक तथा कोषवाट प्रवाह हुने सेवा सुविधा सम्वन्धमा जानकारी प्रदान गरिएको सो कार्यक्रममा कोष कार्यालय सुर्खेतका प्रमुख सहायक बाबुराम गन्धर्व र रूपराज शर्माको सहभागिता रहेको थियो ।

## भवन निमार्ण कार्य तीव्र

शाखा कार्यालय सुर्खेतको भवन निमार्ण कार्य द्रुत गतिमा अगि बढेको छ । कोषको सुर्खेत स्थित जग्गामा शाखा कार्यालय भवन, आवास गृह र गार्ड हाउस निर्माणको लागि निर्माण व्यवसायी श्री Sunlight / Y.S.S. J.V. वीरेन्द्रनगर, सुर्खेत र कोषबीच २०७७ असार १६ गते संभौता भई २०७७ साउन १ गते देखि निर्माण कार्य शुरू गरिएको थियो ।



## शाखा कार्यालय बुटवल

# कार्यालय स्थानान्तरण

शाखा कार्यालय बुटवलको स्थानान्तरण भएको छ । बुटवल उप-महानगरपालिका वडा नं. ८ सुख्खानगरस्थित कोषको शाखा कार्यालय भवनबाट भई रहेको सेवा प्रवाह २०७८ श्रावण ३ गतेदेखि बुटवल उप-महानगरपालिका वडा नं. ११ शान्तिपथ चौराह हस्पिटल पछाडि कालिकानगरबाट हुन थालेको छ ।




# जानकारी प्रदान

शाखा कार्यालय बुटवलले मिति २०७७ माघ २६ गते नेपाल प्रहरी युक्त तालिम महाविद्यालय नवलपरासीमा सञ्चालन भएको प्रहरी जवान आधारभूत तालिममा शाखा कार्यालय प्रमुख रमेश बेल्वासेले कोषको बारेमा र यसले प्रदान गर्ने सेवा सुविधाको बारेमा प्रशिक्षण प्रदान गर्नु भएको थियो । त्यसैगरी २०७८ वैशाख २ गते जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको समन्वयमा जिल्लास्थित सम्पूर्ण कार्यालय प्रमुखहरु र लेखा प्रमुखसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । सो अवसरमा सञ्चयकर्तालाई कोषका सेवा सुविधाको बारेमा जानकारी प्रदान गरिएको थियो भने सञ्चयकर्ताको गुनासो र सुझाव संकलन समेत गरिएको थियो ।

त्यसैगरी सैनामैना तालिम गण ब्यारेक, रूपन्देहीमा तालिमरत ८५९ नयाँ भर्ना भएका सैनिकलाई यही असार ४ गते कोषको बारेमा जानकारी प्रदान गरियो । सो अवसरमा कोषको शुरूआत, उद्देश्य, काम कर्तव्य, केवाइसी अद्यावधिकको महत्व र कोषले उपलब्ध गराउने सेवा सुविधाहरु बारेमा जानकारी प्रदान गरिएको थियो ।



शाखा कार्यालय पोखरा

# विविध कार्यक्रम सम्पन्न

शाखा कार्यालय पोखराले आर्थिक वर्ष २०७७/ ७८ मा विभिन्न कार्यक्रम आयोजना गर्‍यो । विभिन्न समयमा विभिन्न संघसंस्था, कार्यालयमा उपस्थित भई अनलाइन मार्फत विशेष सापटी लिने प्रक्रिया, कनेक्टआइपिस मार्फत ऋण तिर्ने प्रक्रिया, योगदानमा आधारित निवृत्तभरण रकम जम्मा गर्ने प्रक्रिया, वेव पोष्ट, कोषले दिने वित्तीय सुरक्षा, सामाजिक सुरक्षा, सञ्चयकर्ता स्वास्थ्य उपचार सुविधा, एवम् अन्य सेवा सुविधा केवाइसी, फाँटवारी सम्बन्धमा भएका छलफल तथा अन्तर्क्रिया यसप्रकार छन्:

मिति २०७७/०६/०५ मा जिल्ला प्रशासन कार्यालय कास्कीका कार्यालय प्रमुखहरूको बैठकमा जिल्ला स्थित विभिन्न कार्यालयका लेखा प्रमुखहरूसँग छलफल तथा अन्तर्क्रिया,

मिति २०७७/०६/२३ मा जिल्ला प्रशासन कार्यालय स्याङ्जाको समन्वय र कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाको सहयोगमा जिल्ला स्थित नेपाली सेना, प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल, नगरपालिका, गाँउपालिका लगायत विभिन्न कार्यालयका लेखा प्रमुखहरूसँग छलफल तथा अन्तर्क्रिया,

मिति २०७७/०७/१७ मा जिल्ला प्रशासन कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालय पर्वतको समन्वय तथा सहयोगमा जिल्लास्थित नेपाली सेना, प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल, नगरपालिका, गाँउपालिका लगाएत विभिन्न कार्यालयका लेखा प्रमुखहरूसँग छलफल तथा अन्तर्क्रिया,

मिति २०७७/०७/१७ मा जिल्ला प्रशासन कार्यालय बाग्लुङ्को समन्वय र कोष तथा लेखा नियन्त्रकको कार्यालय बाग्लुङ्को सहयोगमा जिल्लास्थित नेपाली सेना, प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल, नगरपालिका, गाँउपालिका लगायत विभिन्न कार्यालयका लेखा प्रमुखहरूसँग छलफल तथा अन्तर्क्रिया,

मिति २०७७/०८/१६ मा स्याङ्जा जिल्लास्थित विभिन्न कार्यालयहरूमा छलफल तथा अन्तर्क्रिया ,

मिति २०७७/०९/०६ मा कोष तथा लेखा नियन्त्रकको कार्यालय कास्कीको समन्वयमा जिल्ला स्थित नेपाली सेना, प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल, नगरपालिका, गाँउपालिका लगायत विभिन्न कार्यालयका लेखा प्रमुखहरूसँग छलफल तथा अन्तर्क्रिया,

मिति २०७७/१०/०२ मा कोष तथा लेखा नियन्त्रकको कार्यालय लमजुङ्को समन्वयमा जिल्ला स्थित नेपाली सेना, प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल, नगरपालिका, गाँउपालिका लगायत विभिन्न कार्यालयका लेखा प्रमुखहरूसँग छलफल तथा अन्तर्क्रिया,

मिति २०७७/१०/०२ मा श्रीजंग गण लमजुङ्को समन्वयमा अधिकृत, पदिक तथा सकल दर्जासँग छलफल,

मिति २०७७/०५/०४ मा गण्डकी प्रदेश प्रहरी कार्यालयको समन्वयमा गण्डकी प्रदेश अन्तर्गत सबै जिल्ला प्रहरी कार्यालय र मातहतका कार्यालयका लेखा प्रमुखहरूसँग छलफल तथा अन्तर्क्रिया गरिएको थियो ।

## ➲ ज्ञान आदान प्रदान

आर्थिक वर्ष २०७७/२०७८ मा शाखा कार्यालयले १२ वटा ज्ञान आदान प्रदानका कार्यक्रम सम्पन्न गरेको छ । कार्यालयमा कार्यरत कर्मचारीको ज्ञानको अभिवृद्धिको लागि महत्वपूर्ण ठानिएका यस्ता कार्यक्रमहरु शाखामा कार्यरत कर्मचारीहरूले आफूले गरिरहेको काम सम्बन्धी एवम् आफ्नो विज्ञताको विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

## ➲ केवाइसी अद्यावधिक

शाखा कार्यालय पोखराले मिति २०७८ वैशाख ९ गते मुस्ताङ्को जोमसोमस्थित श्री बज्रदल गणमा गई व्यक्तिगत केवाइसी अद्यावधिक गरायो । सो क्रममा कोषले प्रदान गर्ने सेवा सुविधाको बारेमा जानकारी समेत दिइएको थियो ।



शाखा
कार्यालय
हेटौडा



# अन्तर्क्रिया कार्यक्रम सम्पन्न

शाखा कार्यालय हेटौडाले आर्थिक वर्ष २०७७/७८ मा कोषको सेवा सुविधा सम्बन्धमा सञ्चयकर्ता बीच विभिन्न अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो । मिति २०७७ कार्तिक २३ र २४ गते श्री जनता मा.वि.उमजन, श्री मणी उच्च मा.वि.थस्कौल र श्री नेपाल राष्ट्रिय नमूना मा.वि. सपही बारा जिल्लामा विभिन्न विद्यालयहरूलाई आमन्त्रण गरी सम्बन्धित स्थानमा अफिस केवाइसी, अनलाइन विशेष सापटी, वेव इन्ट्री र वेव पोष्टिङ्गसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएका थियो । सो अवसरमा ३५ जना शिक्षक कर्मचारीहरू कार्यक्रममा उपस्थित भई जानकारी प्राप्त गरेका थिए ।

त्यसैगरी २०७७ मंसिर ३ रौतहट जिल्लाका गरूडा नगरपालिका र गढीमाई नगरपालिकामा विभिन्न कार्यालयहरूलाई आमन्त्रण गरी संयुक्त रुपमा अफिस केवाइसी, अनलाइन विशेष सापटी, वेव इन्ट्री र वेव पोष्टिङ्गसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा करिव ५० जना सञ्चयकर्ताहरूको सहभागिता रहेको थियो । त्यस्तै मकवानपुर को.ले.नि.का कार्यालयमा कोषका सहायक प्रबन्धक श्री अतुल बास्कोटाबाट यही वैशाख २० गते केवाइसी र कनेक्टआइपियस सम्बन्धी जानकारी प्रदान गरिएको थियो ।

# सापटी क्षेत्र बिस्तार

मिति २०७८ असार २ को निर्णयानुसार शाखा कार्यालय हेटौडा अन्तर्गत धितोमा आधारित सापटी प्रवाहको लागि विभिन्न क्षेत्रहरु थप गरिएको छ । थप भएका क्षेत्रहरुमा हेटौडा उप-महानगरपालिका अन्तर्गतका वडा नं. १४ र १५ का उपयुक्त क्षेत्रहरु, वडा नं. १९ बस्तीपुरदेखि मनहरी गाउँपालिकाको मनहरी बजारसम्म महेन्द्र राजमार्गको उत्तरतर्फ ५०० मिटर र दक्षिणतर्फ ५०० मिटरसम्मका उपयुक्त क्षेत्रहरु छन् । त्यसैगरी मनहरी गाउँपालिका अन्तर्गत पर्ने मनहरी बजार क्षेत्रभित्र महेन्द्र लोकमार्गको उत्तरतर्फ ५०० मिटर र दक्षिणतर्फ ५०० मिटरसम्मका उपयुक्त क्षेत्रहरु र खैरहनी नगरपालिका वडा नं. १०, ११, १२ र १३ का मापदण्ड बमोजिमका सम्पूर्ण उपयुक्त क्षेत्रहरुमा सापटीको क्षेत्र विस्तार गरिएको छ

# भवन निर्माणको तयारी



शाखा कार्यालय हेटौडा आफ्नै भवन निर्माण कार्यमा जुटेको छ । कोषको हेटौडास्थित कि.न. २०९० को क्षेत्रफल ०-७-१०-० हुनपर्नेमा ०-७-०-० मात्र भोग चलन भईरहेकोमा २०७७ माघ ८ मा हेटौडा नापी कार्यालयबाट नाँप जाच गरी स्वीकृत नक्सा तथा लालपूर्जा बमोजिमको क्षेत्रफल कायम गरी चार किल्ला छुट्टाइएको छ । शाखा कार्यालय हेटौडाले नियमित ताकेता र प्रक्रिया पूरा गरी २०७७ फागुन १८ मा प्रथम चरणको भवन निर्माण कार्यको हेटौडा उपमहानगरपालिकाबाट ईजाजत पत्र प्राप्त गरेको छ । शाखा कार्यालयको परिसरमा रहेका ११ वटा रूखहरूको कटान गरी डिभिजन वन कार्यालय हेटौडाको समन्वयमा लिलाम बिक्रि कार्य २०७८ वैशाख २१ मा सम्पन्न गरी नयाँ बन्न लागेको भवनको लागि पूर्ण रुपमा साईट क्लियरको काम सम्पन्न गरिएको छ ।



शाखा कार्यालय हेटौडाको प्रस्तावित भवन

# शाखा कार्यालय जनकपुर

## कार्यालय भवन निर्माण प्रक्रिया प्रारम्भ

कोषको शाखा कार्यालय जनकपुरको लागि कार्यालय भवन निर्माणको प्रक्रिया प्रारम्भ गरिएको छ । जनकपुर उपमहानगरपालिका, वडा नम्बर १२ क्याम्पस चोक नजिक रहेको कोषको जग्गामा निर्माण गरिने भवनको सम्पूर्ण प्रशासनिक कार्य गर्न कर्मचारी सञ्चय कोषको पूर्ण स्वामित्वमा स्थापित सञ्चय कोष घरजग्गा व्यवस्थापन कम्पनी प्रा. लि. लाई जिम्मेवारी दिइएको थियो । उक्त कम्पनीबाट निर्माण गरिने भवनको नक्सा तयार गर्ने, नक्सा पास गर्ने र निर्माणको क्रममा रेखदेख गर्ने सम्म कार्यका लागि परामर्शदाता छनोट गरी २०७८ भाद्र १५ गतेबाट लागू हुने गरी कार्यादेश समेत दिइएको छ । कस्तो खालको भवन निर्माणले शाखा सञ्चालनमा प्रभावकारी हुन्छ भन्ने उद्देश्यले घरजग्गा व्यवस्थापन कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा इन्जिनियर, परामर्शदाता र शाखा कार्यालय जनकपुर कर्यालय प्रमुख लगायतका कर्मचारीहरूबीच २०७८ भाद्र १८ एक छलफल कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा शाखामा रहेका हरेक कर्मचारीले निर्माण गरिने भवनका वारेमा आआफ्नो धारणा राख्नु भएको थियो भने परामर्श दाताका तर्फबाट सहभागी प्रतिनिधिले छलफलबाट कोषको आवश्यकता पहिचान गर्न सहज भएको धारणा राख्नु भयो ।



## सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण

मिति २०७८ श्रावण १७ गते कोषका प्रशासकसमक्ष यस शाखाका प्रमुखले सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण प्रतिवेदन, २०७८ पेश गर्नु भयो । कोषका प्रशासक र शाखा कार्यालय जनकपुरका प्रमुखबीच आर्थिक वर्ष २०७७/०७८ को लागि २०७७ मंसिर १४ गते भएको कार्यसम्पादन सम्झौतामा सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण गर्ने कार्यक्रम समेत रहे अनुरूप उक्त प्रतिवेदन पेश गरिएको हो । सेवा लिने क्रममा यस शाखा कार्यालयमा आएका सञ्चयकर्ताले भरेका सन्तुष्टि सर्वेक्षण फारम, कार्यालय प्रमुख समक्ष आएका गुनासा एवम्सुझाव तथा सञ्चयकर्ताको कार्यालयमा गई सामूहिक छलफलबाट प्राप्त प्रतिक्रियाहरूको आधारमा कोषको शाखा कार्यालय जनकपुरले सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण प्रतिवेदन, २०७८ तयार गरेको थियो ।

## सञ्चयकर्ता सपटीको क्षेत्र विस्तार

शाखा कार्यालयले पूर्ववत लागू भएका क्षेत्रका अतिरिक्त मिति २०७७ फाल्गुण २५ गते देखि लागू हुने गरी सञ्चयकर्ता कर्जा प्रबाहका लागि थप क्षेत्र विस्तार गरेको छ । सञ्चयकर्ताहरूको माग, लगानीको सुरक्षा, सञ्चयकर्ता कर्जा कार्यविधिले तोकेको मापदण्ड अनुरूप कर्जा प्रवाह गर्ने गरी हाललाई सिन्धुली जिल्लाको कमालामाई र दुधौली नगरपालिका, उदयपुर जिल्लाको त्रियुगा नगरपालिका, सिरहा जिल्लाको सिरहा नगरपालिका, सप्तरी जिल्लाको राजविराज नगरपालिका, सर्लाही जिल्लाको लालबन्दी नगरपालिका, धनुषा जिल्लाको क्षिरेश्वरनाथ नगरपालिका र महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका भित्रका तोकिएका क्षेत्रहरू थप गरिएको छ । यसबाट उक्त क्षेत्रमा घरजग्गा भएका सञ्चयकर्ताले घरजग्गा धिताको आधारमा घर निर्माण वा तल्ला थप गर्न घर सापटी, भईरहेको घर मर्मत गर्न घर मर्मत सापटी तथा शैक्षिक सापटी प्राप्त गर्न सक्ने शाखा कार्यालयका प्रमुख ध्रुव प्रसाद पन्तले बताउनु भयो ।

## शाखा कार्यालय निरीक्षण



कोषका का.मु. सह प्रशासक (तत्कालीन मुख्य प्रवन्धक) जीवन कुमार कट्वालबाट २०७७ फाल्गुण २३ गते शाखा कार्यालय जनकपुरको स्थलगत निरीक्षण भयो । यस्तै मुख्य प्रवन्धक बिजय कुमार श्रेष्ठले २०७७ चैत्र १९ गते शाखा कार्यालयको भ्रमण गर्नुभएको थियो । शाखा कार्यालयबाट सम्पादन भईरहेका काम, कर्मचारीहरूको अवस्था शाखा सञ्चालनका सम्बन्धमा भएका समस्या लगायत कोभिड -१९ बाट कोषको सेवा प्रवाहमा भएको परिवर्तन र सो को कार्यान्वयन जस्ता विषयमा निरिक्षण भ्रमण केन्द्रित रहेको थियो ।



शाखा कार्यालय
बिराटनगर

# विविध कार्यक्रम सम्पन्न



**कर्मचारी सञ्चय कोष, शाखा कार्यालय बिराटनगरले गत एक वर्ष भित्र गरेका गतिविधिहरुको सारसंक्षेप**

- इलाम जिल्लामा अवस्थित नेपाली सेनाको श्री नयाँ श्रीनाथ गणमा कार्यरत करिव १४० जना सैन्यहरूको केवाइसी अद्यावधिक, गर्नुका साथै सञ्चय कोष, केवाइसी को महत्व, अनलाइन सापटी, कोषबाट प्रवाह हुने विभिन्न सापटी तथा सुविधाहरूका सम्बन्धमा अन्तरक्रिया सम्पन्न । (२०७७ फाल्गुण १४ र १५ गते)

- झापा जिल्लामा अवस्थित नेपाली सेनाको श्री पशुपति प्रसाद गणमा कार्यरत करिव १३० जना सैन्यहरूको केवाइसी अद्यावधिक, गर्नुका साथै सञ्चय कोष, केवाइसी को महत्व,अनलाइन सापटी, कोषबाट प्रवाह हुने विभिन्न सापटी तथा सुविधाहरूका सम्बन्धमा अन्तरक्रिया सम्पन्न । (२०७७ फाल्गुण १६, १७ र १८ गते)

- ताप्लेजुङ्ग जिल्लाको तोक्मेडाँडामा अवस्थित नेपाली सेनाको श्री भिमकाली गुल्ममा कार्यरत करिव १०० जना सैन्यहरूको केवाइसी अद्यावधिक गर्नुका साथै सञ्चय कोष, कोषको सापटी फिर्ताको प्रक्रियाहरू, केवाइसीको महत्व, अनलाइन सापटी, कोषबाट प्रवाह हुने विभिन्न सापटी तथा सुविधाहरूका सम्बन्धमा अन्तरक्रिया सम्पन्न । (२०७७ फाल्गुण २० र २१ गते)

- जिल्ला प्रशासन कार्यालय, मोरङमा अन्तरक्रिया सम्पन्न । (२०७८ बैशाख ५ गते)

- पूर्व क्षेत्रीय तालिम केन्द्र रानीमा तालिमरत प्रदेश नं. १ का नेपाल प्रहरीका विभिन्न दर्जाका प्रहरी कर्मचारीहरूलाई विशेष सापटी प्रकिया एवम् सापटीहरूको कनेक्ट आइपिएस मार्फत रिपेमेन्ट प्रकृयाका सम्बन्धमा अनलाईन तालिम प्रदान गर्नुका साथै, औषधोपचारको कोषबाट दिईने सोधभर्नाका प्रावधानहरूका सम्वन्धमा अन्तरक्रिया सम्पन्न । (२०७७ पौष २८ गते)

- सप्तरीको राजविराजमा अन्तरक्रिया सम्पन्न । (२०७७ कार्तिक २६ गते)

- ताप्लेजुङ्ग जिल्लाको कोष तथा लेखा नियन्त्रकको कार्यालयको अनुरोध तथा समन्वयमा प्रमुख कोष नियन्त्रक सहित उक्त जिल्लाका स्थानीय निकायका लेखा समूहका ३० जना कर्मचारीहरू संग वेव पोष्टिङ्ग, योगदानमा आधारित पेन्सन को वेव इन्ट्री, विशेष सापटी प्रकिया एवम् सापटीहरूको कनेक्टआइपिएस मार्फत भुक्तानी प्रकिया, सञ्चयकर्ता औषधोपचारका सम्बन्धमा को.ले.नि.का.को सभाकक्षमा अन्तरक्रिया तथा तालिम कार्य सम्पन्न गर्नुका साथै विभिन्न कार्यालयका करिव ४० जना सञ्चयकर्ताको केवाइसी अपडेट गर्ने कार्य सम्पन्न । (२०७७ फाल्गुण २२ गते)

- पूर्व क्षेत्रीय तालिम केन्द्र रानीमा तालिमरत करिव ६०० नयाँ प्रहरी जवानहरूको केवाइसी अद्यावधिक तथा अन्तरक्रिया सम्पन्न । (२०७७ पौष २०-२७ गते)

- श्री १ नं. प्रदेश दंगा नियन्त्रण प्रहरी गण, दुहवी, सुनसरीमा तालिमरत करिव १०० नयाँ प्रहरी जवानहरूको केवाइसी अपडेट तथा अन्तरक्रिया सम्पन्न । (२०७७ फाल्गुण १० गते)

- श्री पूर्वी पृतना हेड क्वाटर, इटहरी, सुनसरीमा अनसाइट केवाइसी अपडेट तथा अन्तरक्रिया सम्पन्न । (२०७७ पौष ११ गते)।

- कर्मचारीहरूको वौद्धिक क्षमता अभिबृद्धि गरी काममा प्रभावकारिता ल्याउनका लागि तपसिलका विषयहरूमा ज्ञान आदान प्रदान कार्यक्रम सम्पन्न गरियो:

  - केवाइसी अद्यावधिक तथा यससँग सम्बन्धित विविध समस्याहरू तथा समाधानका उपायहरू ।
  - वेव पोष्टिङ्ग तथा वेव इन्ट्री प्रक्रिया र मुद्दाहरू
  - एनसिएचएल मार्फत डिटिए भुक्तानी तथा कनेक्ट आइपिएस मार्फत ऋण भुक्तानी
  - अनलाइन सापटी प्रकृया र यसका विभिन्न पक्षहरू ।

## सेवाकेन्द्र धनकुटा

# सञ्चयकर्ता अन्तरक्रिया एवं केवाईसी अद्यावधिक





सेवा केन्द्र धनकुटाले विभिन्न जिल्लामा गई अनसाइट केवाइसी गर्ने कार्य गरेको छ । जिल्ला प्रशासन कार्यालय भोजपुर र संखुवासभासंग समन्वय गरी २०७७ फाल्गुण २१, २२, २३ र २४ गते भोजपुर तथा चैत्र ६, ७ र ८ गते संखुवासभास्थित विभिन्न कार्यालयका सञ्चयकर्ताहरूको अनसाइट केवाइसी अद्यावधिक गर्ने कार्य सम्पन्न गऱ्यो । भोजपुर र संखुवासभा जिल्लास्थित विभिन्न सरकारी तथा संगठित संस्थाका कर्मचारी, फर्स्ट राइफल गण र नयाँ भैरवी दल गुल्मका सैनिक अधिकृत एवम् जवानहरू, सशस्त्र प्रहरी बल नेपाल, नेपाल प्रहरी, शिक्षकहरूलगायत कोषका कार्यालयमा उपस्थित भई केवाइसी अद्यावधिक गर्न नसकेका सञ्चयकर्ताको व्यक्तिगत विवरण अपडेट गरियो । सोही अवधिमा उपस्थित सञ्चयकर्ताहरूलाई कर्मचारी सञ्चय कोषले प्रदान गर्दै आएका विभिन्न सञ्चयकर्ता सापटी सेवा, सामाजिक सुरक्षा सुविधा, सञ्चयकर्ता स्वास्थ्योपचार योजनाका बारेमा अन्तरक्रिया तथा छलफल गरियो । साथै,अफिस केवाइसी, फाँटवारीको वेव अपलोड तथा वेव इन्ट्री, सिगास मार्फत सरकारी कार्यालयहरूको अनलाइन फाँटवारी इन्ट्री, योगदानमा आधारित निवृत्तभरणको इन्ट्री, अनलाइन विशेष सापटी आवेदन तथा Connect IPS मार्फत् सापटीको अनलाइन नगद दाखिला गर्ने प्रक्रिया, कोषको इसर्भिसको प्रयोग र पासवर्ड बिर्सिएमा पासवर्ड रिसेट गर्ने तरिकाका सम्बन्धमा छलफल तथा अन्तरक्रिया गरी जानकारी प्रदान गरियो । कोषका शाखा कार्यालय एवम् सेवा केन्द्रबाट टाढा रहेका सञ्चयकर्ताले अनलाइन मार्फत् विशेष सापटी प्राप्त गर्ने व्यवस्थाप्रति खुशी व्यक्त गर्दै कोषका अन्य सेवा सुविधालाई समेत क्रमशः अनलाईन मार्फत प्रदान गर्ने व्यवस्था गर्न सुझाव दिएका थिए ।



## सरसफाई कार्यक्रम सम्पन्न

धार्मिक एवम् पौराणिक पर्व होलीको शुभ अवसरमा चैत्र १५ गते सेवा केन्द्र, धनकुटाले होली कार्यक्रम आयोजना गऱ्यो । सेवा केन्द्रका कार्यालय प्रमुखलगायत कोषका अधिकृत तथा कर्मचारीहरूको सक्रिय सहभागितामा एकअर्कामा रंग दली रंगहरूको पर्व होली मनाइयो । त्यस पश्चात् कार्यालय परिसर र कार्यालय वरपरको सेरोफेरोको सरसफाई तथा कार्यालय परिसरको फूलबारी गोडमेल गर्ने कार्य समेत गरियो ।

# सञ्चय कोष कर्मचारी संगठन

## सांगठनिक गतिविधि

ट्रेड यूनियन ऐन, २०४८, श्रम ऐन, २०७४ बमोजिम स्थापित सञ्चय कोष कर्मचारी संगठनद्वारा आफ्नो विधि, विधान, नीति, नियम भित्र रही संस्थामा, सञ्चयकर्ता, कर्मचारीहरूको हक, अधिकार, सेवा, सुविधा वृतिविकासमा विभिन्न भूमिका निर्वाह गर्दै आएको छ ।

संस्थागत सुदृढीकरण, कोष व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सूचना प्रविधि, लगानी असुली, सञ्चयकर्ता सेवा तथा कर्मचारीको हक, हित, सेवा सुविधा, वृति विकासमा ७७ बुँदे ध्यानाकर्षण पत्र मिति २०७५ भाद्र ७ गते पेश, ५८ बुँदे (दर्ता नं ७४०),मिति २०७६ पौष २४ गते, केन्द्रीय परिषदको बैठकबाट पेश ३९ बुँदे (२०७४ माघ ३० गते) ध्यानाकर्षण पत्र, मिति २०७७ फाल्गुन २६ देखि २९ सम्म पोखरामा आयोजित प्रथम केन्द्रीय सभाबाट प्राप्त सुझावहरू, मिति २०७७ जेठ १९ गते तथा ९ बुँदे माग दावी(दर्ता नं ४८४०), २०७७ असोज ११ गतेको ध्यानाकर्षण पत्र मार्फत संस्थागत सुदृढीकरण, मानव जनशक्ति व्यवस्थापन तथा आर्थिक सेवा सुविधा सम्वन्धमा व्यवस्थापनलाई निरन्तर खवरदारी गरिरहेको छ ।



### संस्थागत सुदृढीकरण सम्वन्धमा

उपर्युक्त सुझाव, ध्यानाकर्षण, माग दावी बमोजिम कोषको सुदृढीकरणका सम्वन्धमा लगानी नीतिमा, प्रतिस्पर्धात्मक पारदर्शी तथा बोल कवोलबाट खुल्ला रूपमा लगानी गर्नु, वित्तिय क्षेत्रको अध्ययन, अनुसन्धान गर्नु, सञ्चयकर्ताको सेवा सुविधामा गुणात्मक परिवर्तनमा सूचना प्रविधिमा सुधार गर्नु शाखा कार्यालय भवन निर्माण, सञ्चयकर्ता ऋण तथा सापटीमा विस्तार लगायत घर जग्गा, आवाश व्यवस्थापन कम्पनीमार्फत लगानी गरी सञ्चयकर्ता सेवा प्रवाहमा सशक्त भूमिका निर्वाह ।

कोरोनाको विषम परिस्थितिमा कोषका कर्मचारीहरूको कोरोना परीक्षणमा कोष व्यवस्थापनसंगको मध्यस्थताबाट परीक्षण गर्न गराउन सहयोग, आलो पालो मिलाई सेवा प्रवाहमा सञ्चय कोष कर्मचारी संगठनद्वारा कुनै पनि दिन कार्यालयमा काम बन्द हुन नदिई जिम्मेवारी निर्वाह गर्न संगठनको तर्फबाट अहम भूमिका ।

### मानव जनशक्ति व्यवस्थापन सम्बन्धमा

- सर्वोच्च अदालतको आदेशद्वारा भएको ११ औं सेवा शर्तको खारेजी पश्चात् पुनः विज्ञापन गर्ने क्रममा कोषमा आन्तरिक परीक्षा, फाईल वढुवा र खुल्लाबाट प्रवेश कर्मचारीको अन्यौललाई संगठन तथा कोष व्यवस्थापनको छलफलबाट पुनरावलोकन गरी कर्मचारीहरूको हक स्थापित गराउने विषयमा पहल कदमी ।
- वृति विकासमा अवरोध भएका कर्मचारीको हकमा सेवा शर्त पुनरावलोकन गरी अघि बढाउन व्यवस्थापनसंग छलफल गरी सेवा शर्त स्वीकृत गराई यथाशीघ्र विज्ञापन गर्न पहल भईरहेको ।



- कोषको दरवन्दी संरचना ५१५ वाट विविध कारणले कर्मचारी संख्या घटिरहेको अवस्थामा कोषको कार्यमा समस्या सिर्जना भईरहेकोले सेवा शर्त नियमावली तुरून्त ल्याई पदपूर्ति गर्न कोष व्यवस्थापनलाई छलफल गरी समाधानका लागि आग्रह गरिरहेको ।

### आर्थिक सेवा सुविधा सम्वन्धमा

- मिति २०७७ असोज ११ गतेको ध्यानाकर्षण तथा माग पत्रबमोजिम कोषमा कार्यरत कर्मचारीका घर सापटी लगायत अन्य सापटी तथा सेवा सुविधा वृद्धिका साथै लामो समय देखि रोकिएको ग्रेड पुरस्कार वितरण गराउन पहल ।
- मिति २०७७ असोज देखि २०७८ भाद्रसम्म केन्द्रीय कमिटीको ११ औं पटक तथा सचिवालय बैठक पटक पटक बसी विभिन्न छलफल तथा निर्णय ।
- व्यवस्थापनद्वारा सञ्चालित तथा आमन्त्रित गरिएका कोषका विभिन्न कार्यक्रममा संगठनको अध्यक्ष/पदाधिकारीको सहभागिता ।
- निमित्त प्रशासक श्री जितेन्द्र धिताललाई संगठनको तर्फबाट आगामी कार्यकालको सफलताको शुभकामना प्रदान ।

त्यसैगरी संगठनले पोखरा स्थित होटल ग्र्याण्ड पोखरामा २०७७ फाल्गुन २६ गते देखि २९ सम्म भब्य रूपमा आफ्नो प्रथम केन्द्रीय सभा सम्पन्न गरेको छ । मिति २०७७ पौष ३-४ गते डोलेश्वर रिर्सोट एण्ड फार्म हाउसमा सागंठनिक विषयमा छलफल गर्नुका साथै मिति २०७८ श्रावण ३१ गतेको केन्द्रीय कमिटीको बैठकद्वारा पुल्चोक, ठमेल र लगनखेल स्थित विभिन्न विभागहरू लगायत केन्द्रीय कमिटी, सल्लाहकार कमिटी पुर्नगठन गरिएको छ । सञ्चय कोष कर्मचारी संगठनद्वारा कोषका सञ्चयकर्ता, कर्मचारीहरूको हक हितमा संगठनद्वारा विभिन्न बैठक मार्फत उपर्युक्त विषयमा छलफल गरी जिम्मेवारी बोधका साथ कोष व्यवस्थापन समक्ष लिखित, मौखिक रूपमा कर्मचारीको वृत्ति विकास, आर्थिक सरसुविधा लगायत कोष तथा मुलुकको समग्र हितमा विगत देखि नै अग्रणी जिम्मेवार ट्रेड यूनियनको सशक्त भूमिका निर्वाह गर्दै आएको छ ।



# नेपाल वित्तीय संस्था कर्मचारी संघ

## सांगठनिक गतिविधि

मुलुकको वित्तीय क्षेत्रमा स्थापित सार्वजनिक संस्थाहरू मध्ये प्रतिष्ठित संस्था कर्मचारी सञ्चय कोषमा क्रियाशिल ट्रेड युनियनहरू मध्ये नेपाल वित्तिय संस्था कर्मचारी संघ श्रम ऐन, २०७४ र ट्रेड युनियन ऐन, २०४९ अनुसार बैकिङ कर्मचारी कांग्रेस हुँदै २०४७ चैत्र २२ गते स्थापित भएको हो । यो संस्था राष्ट्रिय स्तरमा ट्रेड यूनियन कांग्रेस र अन्तराष्ट्रिय स्तरमा यूनियन नेटवर्क इन्टरनेशनलसँग आवद्ध फियन राष्ट्रिय समिति मातहत रही कार्य गर्दै आइरहेको छ । नेपाल वित्तीय संस्था कर्मचारी संघले प्रतिष्ठान स्तरमा स्थापित ट्रेड यूनियनहरूमाभ्र आफ्नो अग्रणी र सक्रिय उपस्थिति कायम गर्दै आइरहेको छ भने कोषको संस्थागत हक हित र कर्मचारीको पेशागत हक हितको पक्षमा सदैव नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको छ । संघद्वारा पछिल्लो आ.ब.मा सञ्चालित मुख्य गतिविधिहरू यस प्रकार रहेका छन् :

- मिति २०७७ फागुन २१-२२ गते चितवन सौराहको होटल राइनोमा संघको १६ औं केन्द्रीय सभा सम्पन्न गरेको छ । पूर्व मन्त्री एवम् नेपाली काग्रेसका केन्द्रीय सदस्य अर्जुननरसिह के.सी. को प्रमुख आतिथ्य तथा केन्द्रीय सदस्य बद्री पाण्डेको आतिथ्यतामा सम्पन्न कार्यक्रममा कोषको नीतिगत तथा संस्थागत विषयमा छलफल भएको थियो । कार्यक्रममा सञ्चय कोष ऐनको भावना विपरीत निजी क्षेत्रका संस्थाहरूलाई कोषमा आवद्धता रोकेकोमा यस विरूद्ध कानूनी तथा संस्थागत अधिकारको प्रयोग गर्नुपर्ने, कर्मचारीको पदस्थापन, सरूवा लगायतका विषयमा भएको विभेदको कडा प्रतिवाद गर्नुपर्ने लगायतका विषयमा छलफल गरी प्रस्ताव पारित गरिएको थियो । कार्यक्रममा नेपाली काँग्रेसको केन्द्रीय तथा स्थानीय स्तरका नेताहरू, नेपाल ट्रेड युनियन काँग्रेस, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समिति, विभिन्न प्रतिष्ठान लगायत कोषको सेवा केन्द्र धनकुटा देखि शाखा कार्यालय धनगढीसम्मका सभासद् कर्मचारीहरूको प्रतिनिधित्व रहेको थियो ।
- २०७७ चैत्र ३० गते फियन डे को उपलक्ष्यमा संघको कार्यालय ठमेलमा शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरियो ।
- कर्मचारी सञ्चय कोषले कर्मचारी सेवा शर्त नियमावलीको मस्यौदा माथि छलफल गरी उच्च व्यवस्थापन समक्ष सुभाव पेश गर्न गठित कार्यदलमा युनियनको तर्फबाट उपाध्यक्ष दिपकराज भट्टराई र महासचिव दिनेश बास्कोटाले प्रतिनिधित्व गरी विनियमावली पूनर्लेखनमा महत्वपूर्ण सल्लाह तथा सुभ्रव पेश गर्नु भएको थियो ।
- २०७७ फागुन १२-१५ गतेसम्म संघका अध्यक्ष अर्जुन प्रसाद आचार्यको संयोजकत्वमा कर्मचारी सञ्चय कोषको लगानी रहेको वेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कं.लि. ले निर्माण गर्न लागेको वेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजनास्थल अछाम जिल्लाको ढकारी गाउँपालिकाको स्थलगत अवलोकन भ्रमण गरिएको थियो । उक्त भ्रमणमा युनियनका पदाधिकारीहरू, सदस्य तथा सल्लाहकार सदस्यहरूको समेत उपस्थिति रहेको थियो । सो अवसरमा कर्मचारीहरूले आयोजनाको स्थालगत अवलोकन गरी आयोजनाको सम्वन्धमा जानकारी हासिल गर्नु भएको थियो ।





- UNI Global र नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिको संयुक्त आयोजनामा यही साउन २९-३०, गते मकवानपुर जिल्लाको टिस्टुङमा आयोजना भएको Contribution Based Social Security Scheme & Its Impact in Finance Sector workers विषयक अन्तरक्रिया कार्यक्रममा संघका सल्लाहकार संयोजक धर्म प्रसाद खनाल र महासचिव दिनेश वास्कोटा सहभागी भई राज्यको सामाजिक सुरक्षा नीति र कोषले सञ्चयकर्तालाई प्रदान गरिरहेको सामाजिक सुरक्षाको विषय छलफल गरी आफ्नो धारणा राख्नु भएको थियो ।
- कोभिड-१९ को कारण कर्मचारी र सञ्चयकर्तामा परेको असर न्यूनीकरण गर्न गत २०७७ असोज २० गते नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिले नेपाल वित्तीय संस्था कर्मचारी संघलाई स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको थियो । उक्त कार्यक्रममा राष्ट्रिय समितिका महासचिव हरिराज खरेलले संघका अध्यक्ष अर्जुन प्रसाद आचार्यलाई मास्क, स्यानिटाइजर लगायतका सामाग्रीहरू हस्तान्तरण गर्नुभएको थियो ।
- कर्मचारी सञ्चय कोष ऐनले दिएको अधिकार विपरित निजी क्षेत्रका संस्थाहरूलाई कोषमा आवद्धता रोकेको विषय तथा कर्मचारीको ग्रेड वितरण, सेवा सुविधा लगायत अन्य विषयमा संघले पटक पटक व्यवस्थापनको ध्यानाकर्षण गराएको छ ।
- संघले मिति २०७७ असोज २ गते आधा घण्टा पेन डाउन कार्यक्रम गरेको छ । कोषको ५९ औं वार्षिकोत्सवको अवसरमा भर्चुअल माध्यमबाट आयोजना गरिएको कार्यक्रममा यूनियनका प्रतिनिधिलाई कार्यक्रममा सहभागिताको लागि आमन्त्रण गरेपनि धारणा राख्न नदिएको विषयको विरोध स्वरूप उक्त कार्यक्रम गरिएको थियो ।
- संघले मिति २०७८ भाद्र १३ गते निमित्त प्रशासकको जिम्मेवारी प्राप्त गर्नुभएकोमा का.मु. सह- प्रशासक जितेन्द्र धिताललाई बधाई तथा कार्यकालको सफलताको शुभकामना व्यक्त गऱ्यो ।

# नेपाल राष्ट्रिय कर्मचारी संगठन

## सांगठनिक गतिविधि

**'सुदृढ कोष, प्रभावकारी सञ्चयकर्ता सेवा, र पेशागत अधिकार सुनिश्चितता'** को एजेण्डालाई कोषभित्रको ट्रेड युनियन आन्दोलनको मूलमन्त्रका रूपमा स्थापित गर्ने र ट्रेड युनियनलाई विकृति विसंगतिबाट उन्मुक्त तुल्याउँदै सुव्यवस्थित ढंगबाट अगाडि बढाउने उद्देश्यका साथ २०६४ सालमा कोषमा स्थापित तत्कालीन नेपाल राष्ट्रिय कर्मचारी संगठनले कोषको वर्तमान चुनौतीपूर्ण अवस्थामा संस्थागत एवम् पेशागत विषयहरूमा अग्रगामी रूपान्तरणको आवश्यकतालाई मध्यनजर गर्दै यही मिति २०७८ श्रावण १५ मा आफूलाई कोषभित्र पुनःस्थापित गरेको छ । मुलुकमा विकसित पछिल्ला घटनाक्रमका साथै, कोषसँग सम्बन्धित संस्थागत, पेशागत एवम् अन्य समसामयिक विषयवस्तुमा आएका परिवर्तित आयामहरूका सन्दर्भमा क्रान्तिकारी अभियानलाई पुर्नगठन गर्ने उद्देश्य राखी प्रतिष्ठानस्तरीय ट्रेड युनियनको रूपमा पुनःस्थापित यस संगठनले शंकर प्रसाद अर्यालको संरक्षकत्व तथा राम प्रसाद राईको अध्यक्षतामा २० सदस्यीय केन्द्रीय पदाधिकारी तथा सल्लाहकार सहितको कार्यसमिति गठन गरेको छ ।

निकट भविष्यमै महाधिवेशनमार्फत् निर्वाचित कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गर्दै आफ्ना गतिविधि अगाडि बढाउन प्रतिवद्ध रहेको यस संगठनले श्रम तथा रोजगार कार्यालयमा दर्ताका निम्ति आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी वैधानिकता पनि प्राप्त गरिसकेको छ ।

विगतमा जस्तै निरन्तर रचनात्मक, मौलिक एवम् सिर्जनात्मक कार्यक्रमहरूमार्फत् आफूलाई क्रियाशील तुल्याउँदै लैजाने नीति यस संगठनले अवलम्बन गरेको छ । कोषको संस्थागत सुदृढीकरण र सुशासन, सञ्चयकर्ता सेवा सुविधा विस्तार, कर्मचारीहरूको पेशागत हकहितको संरक्षण, सेवा सुविधामा बढोत्तरी, वृत्ति विकासको सुनिश्चितता लगायतका विषयवस्तुमा निरन्तर अग्रणी भूमिका निर्वाह गर्नुका साथै, कोष व्यवस्थापनलाई नितिनिर्माण तथा कार्यान्वयनमा सघाउ पुऱ्याउने जस्ता रचनात्मक भूमिकामा स्थापनाको दिनदेखि नै आफूलाई क्रियाशील तुल्याउँदै आईरहेको छ । स्थापना लगत्तै कोष व्यवस्थापनसँग परिचयात्मक भेटघाटको क्रममा होस् वा निमित्त प्रशासकलाई बधाई ज्ञापन गर्ने सिलसिलामा होस्, हरेक पटकको वार्ता र छलफलमा कर्मचारीको वृत्ति विकासमा पैदा भएको जटिलता, संस्थाभित्र मौलाएका विकृति बेथिति, कर्मचारीवर्गमा पैदा भएको निराशा, उत्प्रेरणामा आएको ह्रास, अदालती मुद्दा मामिलाका कारण सिर्जित अन्यौल लगायतका समस्याहरूको बारेमा गम्भीर ध्यानाकर्षण गराइएको छ । त्यसैगरी संस्थागत रूपमा मानव संसाधनको उचित





व्यवस्थापन, श्रोत साधनको समुचित परिचालन, प्रतिफलमुखी लगानीको दायरा विस्तार र संस्थागत क्रियाकलापहरूको सञ्चालन निश्चित प्रणालीको आधारमा हुनुपर्ने विषयमा खबरदारी प्रस्तुत गरेको छ । विगत लामो समयदेखि अवरूद्ध रहेको निजी क्षेत्रको सञ्चयकर्ता दायरा विस्तारको कार्य तत्काल सुचारू हुनपर्ने माग बमोजिम हाल सो कार्य सुचारू भैसकेको छ ।

कोषको परम्परागत प्रशासनिक संयन्त्रभित्र हाल विद्यमान विभेद, यथास्थितिवाद, असमानता र भ्रष्टाचारजन्य विकृतिहरू विरूद्ध निरन्तर संघर्षमार्फत् निर्मुल गर्ने कार्यनितिलाई संगठनले सदैव आत्मसात गर्नेछ । आफ्ना छाता संगठनहरू नेपाल राष्ट्रिय कर्मचारी महासंघ र ने.रा.क.सं., बैंक तथा वित्तीय संस्था राष्ट्रिय समिति अन्तर्गत आबद्ध रही यस संगठनले मुलुकमा प्राप्त प्रमुख राजनैतिक उपलब्धि र लोकतान्त्रिक मान्यताहरूलाई श्रमजिवी कर्मचारीका पक्षमा समुचित परिचालनका निम्ति कोषभित्र र बाहिर विविध रचनात्मक ट्रेड युनियन क्रियाकलापको सञ्चालन गर्नेछ । संगठनका पदाधिकारी सदस्यहरूको नेतृत्व क्षमता विकासका साथै कोषमा कार्यरत कर्मचारीहरूको सीप विकासका विविध कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ । कर्मचारीहरूको कार्यक्षमता वृद्धि, व्यक्तिगत विकास, नेतृत्व क्षमता विकासका निम्ति तालीम/प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिनेछन् । कोषका आन्तरिक एवम् वाह्य चुनौतीहरूको सामनाका निम्ति संस्थागत प्रतिस्पर्धी क्षमताको अभिवृद्धि गराउन निरन्तर रूपमा ध्यानाकर्षण, खबरदारी र रचनात्मक हस्तक्षेपको कार्यनीतिमा जोड दिइनेछ । कोषभित्र सुमधुर कार्यवातावरण कायम गर्न सरोकारवाला पक्षहरूसँग निरन्तर सहकार्य, सहमतिको संस्कृतिलाई आत्मसात गर्ने र अन्यौलताको वर्तमान स्थितिलाई चिर्दै संस्था र कर्मचारीहरूमा पुनः उत्साह जागृत गराउँदै कोषलाई नयाँ उचाइमा पुऱ्याउने अभिभारा पूरा गर्नका निम्ति सम्बद्ध सबै पक्षसँग हातेमालो गर्दै अघि बढ्ने नीति यस संगठनको रहेको छ । सामुहिक भावनामा सदैव विश्वास राख्ने यस संगठनले कोषको विकास एवम् कर्मचारीहरूको सरोकारका विषयहरूमा कोषमा क्रियाशील युनियनहरूको एकताबद्ध संकल्प र अनुपम सहकार्यको विगतको सर्वत्र प्रशंसनीय अभ्यासलाई पुनर्जिवित तुल्याउने प्रयत्नमा आफूलाई केन्द्रित गराउनेछ ।

यसरी रचनात्मक क्रियाशीलतामार्फत् आम कर्मचारीलगायत समग्र सरोकारवाला पक्षहरूसँगको सहकार्यमा कोषप्रतिको उत्तरदायित्वलाई सर्वोपरी प्राथमिकतामा राखी यस नेपाल राष्ट्रिय कर्मचारी संगठनले परिवर्तनको संवाहकको भूमिकामा गतिशील ढंगबाट आफूलाई सदैव सक्रिय तुल्याइरहने छ ।

# सुरक्षित भविष्यको लागि निवृत्तभरण तथा सञ्चय कोष

कर्मचारी सञ्चय कोषको ६० औं वर्ष प्रवेशको सुखद् अवसरमा सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता जनाउदै सरोकारवाला सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं ।

## क) संख्यात्मक विवरणः

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ९८ हजार | २९ हजार २ सय |
| निवृत्तभरण कोष | २४ हजार १ सय | ९ सय ६४ |

## ख) कोषका कार्यालयहरूः

- केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर
- ठमेल कार्यालयः त्रिदेवी मार्ग, ठमेल
- लगनखेल कार्यालयः लगनखेल
- शाखा कार्यालयहरूः विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी
- सेवा केन्द्रहरूः धनकुटा, सिंहदरवार र पुल्चोक

## ग) आर्थिक वर्ष २०७७/७८ को वित्तीय अवस्थाः

- सञ्चय कोषः रू. ३९८ अर्ब ६ करोड
- निवृत्तभरण कोषः रू. १ अर्ब ५८ करोड
- जगेडा कोष तथा बचतः रू.४० अर्ब १६ करोड
- दायित्वहरूः रू. ४ अर्ब ६७ करोड
- कूल स्रोतः रु ४४४ अर्ब ४७ करोड
- कुल लगानीः रू. ४३६ अर्ब ५४ करोड

## घ) सञ्चयकर्तालाई उपलब्ध सेवाहरूः

- **ब्याज तथा मुनाफाः** सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याजदरः ६.५० प्रतिशत, सञ्चय कोषमा मुनाफाः १ प्रतिशत (आ.व. २०७६/७७ को लागि)

- **सापटी सुविधाः**

| विवरण | विशेष सापटी | घरसापटी | शैक्षिक सापटी | सरलचक्र कर्जा | घर मर्मत सापटी |
|---|---|---|---|---|---|
| सापटी सीमा | सञ्चय कोष रकमको ८० प्रतिशतसम्म | अधिकतम रू १ करोडसम्म | रू.१० लाख देखि रू. २५ लाखसम्म | अधिकतम रू. ३० लाखसम्म | अधिकतम रू. २५ लाखसम्म |
| ब्याजदर | ७.६० प्रतिशत | ७.९० प्रतिशत | ७.९० प्रतिशत | ८.०० प्रतिशत | ७.९० प्रतिशत |

- कोभिड-१९ को कारण सञ्चयकर्ता कर्जाको ब्याज छुटः सञ्चयकर्तालाई प्रदान गरिएको घर सापटी, घर मर्मत कर्जा, शैक्षिक कर्जा र सरल चक्रकर्जाको आर्थिक वर्ष २०७७/७८ सम्म पाकेको ब्याज २०७८ श्रावण महिना भित्र चुक्ता गरेमा सो आ.व. २०७७/७८ को चौथो त्रैमासिक (२०७८ बैशाख, जेठ र असार) को पाकेको ब्याजमा १५ प्रतिशत छुट दिने व्यवस्था गरिएको ।

- सञ्चयकर्ता स्वास्थ्योपचार योजनाः सञ्चयकर्तालाई साधारण रोग लागी उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रु१ लाखसम्म र घातक रोगको उपचारको हकमा सेवा अवधिमा अधिकतम रू.१० लाखसम्म सोधभर्ना प्रदान गरिने ।

- अन्य सामाजिक सुरक्षा कार्यक्रमहरूः सुत्केरी तथा शिशु हेरचाह कार्यक्रमः प्रति प्रसूति रू.७,५००, दुर्घटना क्षतिपूर्ति योजनाः निज वा निजको हकवालालाई रू.२ लाख, काजक्रिया अनुदानः हकवालालाई आर्थिक अनुदान स्वरूप रू. ४० हजार प्रदान गरिने ।

सम्पादन तथा प्रकाशन :

**कर्मचारी सञ्चय कोष,**

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, पुल्चोक, ललितपुर ।

website : www.epfnepal.com.np, email: planning@epfnepal.com.np